नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २९, अंक ९४ काठमाडौं | २०८० चैत १६ शुक्रबार | चैत्र कृष्णपक्ष, चतुर्थी नेपाल संवत् ११४४ | HIMALAYA TIMES | Friday 29 March 2024 | पृष्ठ ८+२ | मूल्य रु ५१-


# गतिहीन संसद्को हिउँदे अधिवेशन

## पुराना दुई विधेयक पारित, नयाँ प्रगति नगण्य




यज्ञराज पाण्डे/हिटा


काठमाडौं, १५ चैत

प्री-बजेटमा पर्याप्त छलफल र बढीभन्दा बढी कानुन निर्माणको उद्देश्यसहित २२ माघदेखि प्रारम्भ संघीय संसद्को हिउँदे अधिवेशन गतिहीन बनेको छ । संसद्को नेतृत्व, दलहरू र सरकारले नै हिउँदे अधिवेशनलाई परिणाममुखी बनाउने योजना प्रस्तुत गरे पनि कार्यान्वयन निराशाजनक छ । यसअघिको बजेट अधिवेशनमा बजेटसँग आश्रितबाहेक मिटरब्याज पीडितलाई राहत दिनका लागि ल्याइएको एउटा मात्रै विधेयक पारित भएको थियो । त्यो अधिवेशनमा कानुन निर्माण भएन भनेर चर्को आलोचना भएपछि संसद्को नेतृत्व, दलहरू र सरकारले नै हिउँदे अधिवेशनलाई परिणाममुखी बनाउने योजना प्रस्तुत गर्दा पनि कार्यान्वयन भने निराशाजनक देखिएको हो ।

त्यसो त सुरुवातदेखि नै राष्ट्रियसभा र प्रतिनिधि सभाको बैठकमा सभाका नेतृत्व र सांसदहरूले कानुन निर्माणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए । तर, दलहरूको बोली एउटा र व्यवहार अर्को हुँदा यही अधिवेशनबाट लागू गरिएको क्यालेण्डर पनि प्रभावित बनेको छ । यसअघि बजेट अधिवेशनको प्रारम्भमा प्री-बजेट छलफल हुने कानुनी व्यवस्था थियो । सरकारले प्री-बजेट छलफलका

» पृष्ठ २ मा क्रमशः

### विधेयकहरू समितिमा अलपत्र

संसद् सचिवालयका अनुसार प्रतिनिधि सभामा २४ र राष्ट्रिय सभामा एउटा विधेयक छ । प्रतिनिधि सभाको समितिमा मात्रै १२ विधेयक थन्किएका छन् । समितिमा विधेयकहरू थन्किएपछि सभामुख देवराज घिमिरेले विधेयक अधिवेशन सुरु हुनु अगाडि ७ माघमा सभापतिहरूसँग छलफल गरेर विधेयकहरू चाँडो टुंग्याउन निर्देशन दिनुभएको थियो । तर, राज्य व्यवस्था समितिले अनुगमन मूल्यांकन र कृषि समितिले खाद्य स्वच्छतासम्बन्धी विधेयक मात्रै टुंग्याएको छ । अन्य समितिले विधेयक टुंग्याउन सकेका छैनन् ।

» पृष्ठ २ मा क्रमशः

### बैठक अवरुद्ध रहने सम्भावना

हाल प्रतिनिधिसभा १८ चैत र राष्ट्रियसभा १५ चैतसम्मका लागि स्थगित छ । चैतभर अब प्रतिनिधिसभा बैठक ६ दिन बस्नेगरी तय गरिएको छ भने बिजनेसविहीन अवस्था रहेको राष्ट्रिय सभाले कति दिन बैठक चलाउने अन्योल छ । हिउँदे अधिवेशन बढीमा वैशाख पहिलो सातासम्म चलाउने सरकारको योजना छ । यसो हुँदा अब संसद् बढीमा तीन साता मात्रै चल्ने देखिन्छ ।

यही बेला १० दिन सदन बन्द गरेर सभामुखसहित संसद्का पदाधिकारी आठ

» पृष्ठ २ मा क्रमशः

### सत्य निरूपणसँग सम्बन्धित विधेयक अझै अलपत्र

बहुप्रतिक्षित बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक प्रतिनिधि सभाको कानुन समितिले अन्तिम चरणमा पुर्‍याएको छ । मानव अधिकार उल्लंघनको घटनामा पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? र घटी सजाय कति हुने ? विषयमा समिति एकमत हुन नसक्दा संक्रमणकालीन न्याय टुंग्याउन अत्यावश्यक यो विधेयक टुंगिन सकेको छैन । यसबाहेक कानुन निर्माणमा संसद्ले अपेक्षित परिणाम दिन सकेको छैन । अझ प्रतिनिधि सभामा विगतझैँ कुनै पनि संकल्प प्रस्ताव वा जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा छलफल हुन सकेको छैन । संसद् सचिवालयका अनुसार रास्वपाले सडक दुर्घटना न्यूनीकरणसम्बन्धी र राप्रपाले रुस-युक्रेन युद्धमा सहभागी नेपालीको उद्धारसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव गरेको छ । जनमत पार्टीले रंगभेदी विभेदविरुद्ध संकल्प प्रस्ताव दर्ता गराएको छ, यी कुनैमा छलफल भएको छैन ।

राष्ट्रिय सभामा दर्ता भएको संविधान कार्यान्वयनसम्बन्धी १५१ कानुन यथाशीघ्र निर्माण गर्ने संकल्प प्रस्तावमा छलफल भई निर्देशन भएको छ । सवारी दुर्घटना न्यूनीकरण गर्नेसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा प्रस्तावक दिलकुमारी रावल ६ वर्षे पदावधि सकिएर बिदा भएकाले छलफल हुन सकेको छैन ।




महेश बस्ताकोटी





# एमडिएमएस खरिदमा झण्डै ९२ करोड भ्रष्टाचार

## प्राधिकरणका दुई पूर्व-अध्यक्षसहित १९ जनाविरुद्ध मुद्दा


हिमालय टाइम्स


काठमाडौं, १५ चैत



दिगम्बर झा



पुरुषोत्तम खनाल

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मोबाइल डिभाइस म्यानेजमेन्ट सिष्टम (एमडिएमएस) खरिद प्रक्रियामा अनियमितता गरेको अभियोगसहित दूरसञ्चार प्राधिकरणका दुई पूर्व-अध्यक्षसहित १९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा चलाएको छ । आयोगले प्राधिकरणका दुईजना पूर्वअध्यक्ष, एकजना पूर्ववरिष्ठ निर्देशक, तीनजना बहालवाला निर्देशकसहित १९ जनाविरुद्ध ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैयाँ बिगो दाबी गर्दै बिहीबार विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको हो ।

अख्तियारले प्राधिकरणका पूर्व-अध्यक्षद्वय पुरुषोत्तम खनाल र दिगम्बर झाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । त्यसैगरी, प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनालविरुद्ध पनि भ्रष्टाचार मुद्दा दर्ता गरिएको छ । एमडिएमएस घोटाला प्रकरणमा प्राधिकरणका वर्तमान निर्देशकत्रय दिपेश आचार्य, सुरेन्द्र हाडा र अच्युतानन्द मिश्रविरुद्ध पनि भ्रष्टाचार मुद्दा दर्ता भएको हो ।

प्राधिकरणका आन्तरिक लेखापरीक्षण शाखाका उपनिर्देशक सुरेश बस्नेत, अनुमतिपत्र व्यवस्थापन शाखाका उपनिर्देशकद्वय कविन्द्र मल्ल र सन्दीप अधिकारी, योजना तथा व्यवस्थापन सूचना प्रणाली शाखाका उपनिर्देशक रेवतीराम पन्थविरुद्ध पनि भ्रष्टाचार मुद्दा दर्ता भएको छ । '१९ जनालाई प्रतिवादी

» पृष्ठ २ मा क्रमशः

### गठबन्धन फेरबदलपछि प्रचण्ड-देउवा भेट

# राष्ट्रिय मुद्दामा मिलेर जान प्रधानमन्त्रीको प्रस्ताव




अनिल क्षेत्री/हिटा


काठमाडौं, १५ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेससँगको गठबन्धन तोडेर नेकपा एमालेसँग गठबन्धन गरेको एक महिना पनि भएको छैन । गत फागुन २१ गते आकस्मिक रूपमा प्रधानमन्त्री प्रचण्डले आधा दर्जन असन्तुष्टि सार्वजनिक गरेर कांग्रेससँगको सत्ता सहकार्य तोड्नुभएको थियो । नेकपा एमालेसँग गठबन्धन गरेर आफ्नो प्रधानमन्त्री पदको समय बढाउन सफल हुनुभएका प्रचण्डले सुरु-सुरुका दिनहरूमा त एमालेसँगको सहकार्य वाम एकतासम्मको सपना देख्नुभएको थियो । फागुन २१ गतेपछि यस्तो परिस्थिति बन्यो


» पृष्ठ २ मा क्रमशः

### अर्को उथलपुथल गर्न बेर छैन : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ समीकरण बनेपछि पनि काम गर्न नसके पद ओगटेर बस्ने मनस्थितिमा आफू नरहेको बताउनुभएको छ । राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई बिहीबार सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सुशासन र विकासको काम अझै अगाडि बढाउन नसके आफूले अर्को उथलपुथल गर्नसक्ने बताउनुभएको हो । सुशासन कायम गरेर विकासलाई गति दिने काम पनि भएको दाबी गर्दै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, 'अहिले समीकरण चेन्ज भएको छ । गण्डकीको मुख्यमन्त्रीज्यूले उथलपुथलकारी कदम भनिदिनुभयो । उथलपुथल त मैले भनेको थिएँ । म साँच्चै भन्छु कुनै पनि काम अगाडि बढ्न सकेन भने मैले अर्को उथलपुथल गर्न बेर लाग्दैन । त्यो अरूलाई भनेको होइन । मेरै लागि भनेको हो । मैले भन्ने गरेको कामै गर्न नसक्ने स्थिति भयो भने पद ओगटेर बसिराख्न जरुरी हुँदैन । त्यसैले मैले अरूलाई अप्ठ्यारो पार्नेगरी उथलपुथल बनेको होइन । फेरि मैले यस्तो भन्यो भनेर अर्को जाला तर काम गर्न सकिँदैन भने पदमा बस्न हुँदैन भन्नेमा दृढ छु ।'

### प्रधानमन्त्रीद्वारा संवैधानिक परिषद्को बैठक आह्वान

प्रधानमन्त्री प्रचण्डले संवैधानिक परिषद्को बैठक बोलाउनुभएको छ । १८ चैत अर्थात् आइतबार बिहान बस्नेगरी प्रधानमन्त्री प्रचण्डले संवैधानिक परिषद्को बैठक बोलाउनुभएको हो । यसअघि चैत १२ गतेका लागि तय भएको संवैधानिक परिषद्को बैठक स्थगित भएको थियो । प्रधानमन्त्री प्रचण्डले संवैधानिक परिषद्को बैठकबारे छलफल गर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई बिहीबार बिहान बालुवाटार डाक्नुभएको थियो । प्रधानमन्त्रीको नेतृत्वमा हुने संवैधानिक परिषद्मा प्रमुख विपक्षी दलको नेता, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपसभामुख सदस्य रहने व्यवस्था छ । प्रतिनिधिसभा बैठक चैत १८ गतेका लागि बोलाइएको छ । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले संसद् अवरुद्ध गर्ने चेतावनी दिएको छ । सोही दिन बिहान संवैधानिक परिषद् बैठक बोलाइएको छ । विभिन्न संवैधानिक अंगहरूमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न संवैधानिक परिषद् बैठक बोलाइएको हो ।



### 'बा र भगवान्' प्रश्नभन्दा माथि : थापा

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले अरू दलका शीर्ष नेता प्रश्नभन्दा माथि भए पनि कांग्रेसमा त्यस्तो नभएको बताउनुभएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नाम नलिईकन उहाँहरू प्रश्नभन्दा माथि रहेको महामन्त्री थापाको टिप्पणी छ । संवादयात्रा पुनः सुरु गर्नुभएका महामन्त्री थापाले बिहीबार नवलपरासीमा आयोजित कार्यक्रममा कांग्रेसमा सभापतिलाई प्रश्न उठाउन सकिने स्पष्ट पार्दै भन्नुभयो, 'नेकपा एमाले कस्तो पार्टी बन्यो, हेर्नुस् त पार्टीको अध्यक्षलाई कसैले पनि प्रश्न गर्न नपाउने । पार्टीको अध्यक्ष बामुनि मात्रै अरू हुने । बा प्रश्नभन्दा माथि ।' रास्वपाका सभापति लामिछानेलाई संकेत गर्नुभएका थापाले नयाँ पार्टीमा अध्यक्ष भनेको भगवान् जस्तै रहेको टिप्पणी गर्दै भन्नुभयो, 'भगवान्लाई चाहिँ प्रश्न गर्न नपाउने । भगवान्ले ठगे पनि हुने । भगवान्ले लुटे पनि हुने । भगवान चाहिँ प्रश्नभन्दा माथि ।' उहाँले कांग्रेसमा प्रश्नभन्दा बाहिर कोही नरहेकाले छलफल र बहस गर्न पाइने स्पष्ट पार्नुभयो ।




# असफल आयोजना खारेज गर्ने सरकारको तयारी

**डिबी शर्मा/हिटा**

काठमाडौं, १५ चैत

सरकारले सयौं असफल आयोजना खारेज गर्ने तयारी गरेको छ । निर्माणको परम्परागत शैली बदल्न भन्दै सरकारले सयौं असफल आयोजना खारेज गर्ने तयारी गरेको हो । लामो समयदेखि अल्झिएर बसेका आयोजनामा १०/१५ लाख रुपैयाँ बजेट राखेर थप नबल्झाउने सरकारको तयारी छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सफल हुन नसक्ने आयोजना खारेज गर्ने घोषणा गर्नुभएको छ । त्यस्ता आयोजना खारेज गरेर जनतामा आशा जगाउने खालको बजेट बनाउने उहाँले बताउनुभयो । नेपालमा आयोजनाहरू दलीय दलदलमा फसेको उहाँको भनाइ थियो । यो अवस्था आगामी आवबाट समाधान गरिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

'पुराना सबै आयोजनाहरूलाई पनि निरन्तरता दिनैपर्ने, साना-ठूला, पूरा हुने-नहुने, ५०/७० वर्ष लाग्ने खालका योजना पनि धानेर लानैपर्ने । राष्ट्रिय गौरवका आयोजनाहरूलाई पनि सबै लिएर जानैपर्ने अनि सबै मन्त्रालयहरूले नयाँ नयाँ योजनाहरू पनि थप्नैपर्ने,' बिहीबार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा बोल्दै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, 'अनि हरेक वर्ष हामी झन् ठूला आर्थिक संकट वा दबाबमा हुने परिस्थिति बनेको छ । अब यो स्थितिलाई हामीले बदल्छौं । सयौं त्यस्ता आयोजनाहरू छन् जो सफल हुनेवाला पनि छैनन्, त्यहाँ १० लाख, २० लाख राख्ने कुरालाई बन्द गरिदिऊँ । सब खारेज गरिदिऊँ ।' सम्पन्न हुन सम्भव आयोजनामा बजेट केन्द्रित गरेर छिटो टुंग्याउनुपर्ने उहाँको भनाइ थियो । जनतामा आशा र परिणाम दिन पनि बजेट निर्माणको परम्परागत शैली बदल्नुपर्ने उहाँले बताउनुभयो ।

### मन्त्रीलाई प्रश्न– विकास बजेट मागिरहने, तर खर्च नगर्ने ?

प्रधानमन्त्री प्रचण्डले हरेक आर्थिक वर्षमा विकासका लागि बजेट मागिरहने तर खर्च नगर्ने प्रवृत्तिमाथि प्रश्न उठाउनुभएको छ । प्रधानमन्त्री प्रचण्डले पुँजीगत शीर्षकमा विनियोजन भएको बजेट किन खर्च हुँदैन ? भनेर प्रश्न गर्नुभयो । 'चालु आर्थिक वर्षको पहिलो ६ महिनामा सरकारको पुँजीगत खर्च समग्रमा कम रहनु हाम्रो लागि चिन्ताको विषय हो,' प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, 'पुँजीगत शीर्षकमा विनियोजन भएको सबै बजेट पूरा खर्च नहुने अवस्था हरेक वर्ष दोहोरिने बारेमा गम्भीर भएर सोचौं । यो समस्याको समाधान यस आवको बाँकी अवधिमा गर्नैपर्छ ।'



बजेट पूर्णरूपमा खर्च हुनेगरी विकास निर्माणका कार्यको नेतृत्व गर्न सबै मन्त्री तथा मुख्यमन्त्रीलाई उहाँले निर्देशन दिनुभयो । सरकारले गर्ने खर्चमार्फत अर्थतन्त्रमा बहुआयामिक असर तथा अवसर सिर्जना उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले निजी, सहकारी, समुदाय र विकास साझेदारको स्रोतसाधन परिचालन गर्न पनि तोकिएको खर्च समयमै गर्न आवश्यक रहेको बताउनुभयो । 'सरकारका सम्पूर्ण अंगहरू प्रक्रियामुखीभन्दा परिणाममुखी सोचका साथ अगाडि बढ्न आवश्यक छ,' उहाँले भन्नुभयो । अनुगमन तथा मूल्यांकनलाई थप वस्तुनिष्ठ, प्रभावकारी, नतिजामूलक बनाउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजना र पहिलो प्राथमिकता प्राप्त ठूला आयोजनाको निर्धारित लागत र समयसीमाभित्रै सम्पन्न गर्नुपर्ने बताउनुभयो । सीमित स्रोतसाधन र असीमित आवश्यकताबीच सामञ्जस्यता कायम गर्दै विद्यमान आर्थिक शिथिलतालाई चलायमान गराउन आगामी बजेटमा राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूको प्रगति र प्रतिफलका आधारमा प्राथमिकीकरण गरी बजेट विनियोजन गरिने उहाँले बताउनुभयो ।

प्रधानमन्त्री प्रचण्डले पूर्वाधार विकासमा रहेको दोहोरोपन र भौगोलिक तथा प्रादेशिक असुन्तलन हटाउने गरी बजेट तयारी र कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । 'विकास आयोजनाहरूमा राम्रो गर्नेलाई पुरस्कृत र ढिलासुस्ती गर्नेलाई दण्डित गर्ने नीति, योजना र कार्यक्रमबाट सुशासन स्थापित गर्दै विकास आयोजनाको कामलाई तीव्रता दिन सकिन्छ,' प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, 'कुण्ठा र निराशालाई चिरेर देशमा आशाको नयाँ परिस्थिति निर्माण गर्न सकिन्छ, यसतर्फ गम्भीर रूपले ध्यान दिनसमेत म विशेष आग्रह गर्दछु ।'

### तीन तहका सरकारबीच कामको विवाद सुल्झाउन प्रतिवेदन तयार

तीन तहका सरकारको कार्य विस्तृतीकरण परिमार्जन गर्ने प्रतिवेदनले अन्तिम रूप पाएको छ । संविधानअनुसार संघ, प्रदेश र स्थानीय तहका अधिकारसूचीअनुसार कार्यजिम्मेवारी थप स्पष्ट गर्ने गरी सिफारिस प्रतिवेदन तयार भएको हो । पूर्व-मुख्यसचिव डा. सोमलाल सुवेदीसहित पूर्व-सचिवहरू शिशिर ढुंगाना र धनराज ज्ञवाली तथा विघटित पुनर्निर्माण प्राधिकरणका तत्कालीन सिइओ सुशील ज्ञवालीको कार्यदलले दोस्रो चरणमा प्रतिवेदनलाई अन्तिम रूप दिएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रतिवेदन बुझाएको हो । अब प्रधानमन्त्री कार्यालयका सचिव अर्जुन पोखरेल संयोजकत्वको सिफारिस समितिबाट प्रतिवेदन उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ संयोजकत्वको उच्चस्तरीय राजनीतिक समितिमा जानेछ । समितिले पारित गरेर प्रतिवेदन राष्ट्रिय समन्वय परिषद् बैठकमा पेस हुनेछ ।

प्रधानमन्त्री प्रचण्डले कार्य विस्तृतीकरण प्रतिवेदनलाई परिमार्जन गर्न धेरै ढिलाइ नहुने बताउनुभएको छ । राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले संविधानमा उल्लेखित एकल तथा साझा अधिकारका विषयमा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदनलाई परिमार्जन तथा सुधार गर्ने काम अन्तिम चरणमा पुगेको बताउनुभयो । 'लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढ र सबलीकरणको लागि तीन तहका सरकारको बीचमा प्रभावकारी समन्वय कायम गर्न कार्य विस्तृतीकरण परिमार्जन जरुरी छ,' उहाँले भन्नुभयो ।

# राष्ट्रियसभा उपाध्यक्ष अर्यालको राजीनामा



**हिमालय टाइम्स**

काठमाडौं, १५ चैत

राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्यालले राजीनामा दिनुभएको छ । उपाध्यक्ष अर्यालले राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालसमक्ष राजीनामा पत्र बुझाउनुभएको छ । उहाँ २०७९ माघ ३ गते राष्ट्रियसभा उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको थियो ।

नेकपा माओवादी केन्द्रबाट राष्ट्रिय सभाको अध्यक्षकी दाबेदार उहाँ दाहाललाई जिम्मेवारी दिइएसँगै असन्तुष्ट हुनुहुन्थ्यो । तर, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय सभाको अध्यक्ष भाइ नारायण दाहाललाई बनाउनुभएको थियो ।

दाहाल गत फागुन २९ गते भएको निर्वाचनबाट राष्ट्रिय सभाको अध्यक्ष हुनुभएको थियो । त्यसअघि फागुन २० गतेसम्म एमालेबाट गणेशप्रसाद तिमल्सिना राष्ट्रिय सभाको अध्यक्ष हुनुहुन्थ्यो ।

माओवादी केन्द्रकी स्थायी समिति सदस्यसमेत रहनुभएकी अर्याल एमालेको उपेक्षामा परेर माओवादी केन्द्रमा प्रवेश गर्नुभएको थियो । माओवादीमा प्रवेश गरेपछि संवैधानिक पदमा पुगेको एक वर्षमै उहाँले पदबाट बाहिरिनु परेको छ ।

यसैबीच, अध्यक्ष दाहाललाई बुझाएको एक पृष्ठको राजीनामा पत्रमा उहाँले कारण भने खुलाउनुभएको छैन । उहाँले राजीनामा पत्रमा आफूलाई सहयोग गर्ने सबैजनालाई धन्यवाद दिनुभएको छ । '...उपाध्यक्षको भूमिकामा रहँदासम्म मलाई निरन्तर सल्लाह, सुझाव र सहयोग गर्ने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिवलगायत अन्य सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, निजी सचिवालय र स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरू, मर्यादापालक कर्मचारीहरू, पत्रकार, शुभेच्छुकलगायत सबैलाई धन्यवाद व्यक्त गर्दै राष्ट्रियसभा उपाध्यक्षको पदबाट राजीनामा दिएको छु', उहाँले पत्रमा भन्नुभएको छ ।

# असिना पानीले साढे तीन करोडको इँटा नष्ट

**प्रकाश न्यौपाने/हिटा**

नवलपरासी, १५ चैत

पश्चिम नवलपरासीमा असिनापानीले साढे तीन करोड रुपैयाँ बराबरको काँचो इँटा नष्ट भएको छ । सोमबार बेलुका परेको असिनापानीले जिल्लामा रहेका २२ वटा इँटा उद्योगमा सुकाउन राखिएका काँचो इँटा नष्ट गरेको हो । जिल्लाभरका उद्योगबाट एक करोड २० लाख गोटा काँचो इँटा गलेर नष्ट भएको इँटा व्यवसायी महासंघका केन्द्रीय सदस्य कृष्णनारायण श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठले भन्नुभयो, 'असिना र पानीको कारण काँचो इँटा नष्ट भयो । पानी अचानक आएकाले जोगाउन सकिने कुनै पनि विकल्प नै भएन ।' साढे तीन करोड रुपैयाँको काँचो इँटा नोक्सान भएको श्रेष्ठको भनाइ छ ।

असिना सहितको वर्षाले सात लाख गोटा इँटा नष्ट भएको बालाजी इँटा उद्योगका सञ्चालक कुलप्रसाद आचार्यले बताउनुभयो । 'सोमबार राति एक्कासि असिना र पानी आयो त्यसले करिब २५ लाखभन्दा माथिको काँचो इँटामा पूर्णरूपमा क्षति भयो,' आचार्यले भन्नुभयो ।

वर्षभरि बेच्नका लागि तयार गरिएको इँटा पानीले नष्ट गरेपछि इँटा व्यवसायी मारमा परेका



छन् । ठूलो पानी परेका कारण सुकाउन राखिएका इँटा पूर्ण रूपमा नष्ट भएको छ । पानीले नष्ट गरेपछि जिल्लामा इँटा उत्पादनमा पनि कमी आउने श्रेष्ठले बताउनुभयो । इँटामा पुगेको क्षतिले व्यवसायी निकै मारमा परेको बताउँदै सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेमा उद्योगी व्यवसायीको जोड छ ।

अहिले बैंकको ब्याजसमेत तिर्न कठिन भएको अवस्थामा इँटामा वर्षाले पुऱ्याएको क्षतिले व्यवसायीलाई झनै निराश बनाएको श्रेष्ठले बताउनुभयो । आर्थिक मन्दीले निर्माणका काम सुस्त गतिमा चल्दा यो क्षतिले इँटाको मूल्य बढ्ने अनुमान गरिएको छ ।

# जिल्ला अस्पताललाई निक साइमनको स्वास्थ्य सामग्री

**चिसाङ शेर्पा/हिटा**

खोटाङ, १५ चैत

निक साइमन इन्स्टिच्युटले जिल्ला अस्पताल खोटाङलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ । विगत १० वर्षदेखि अस्पताललाई स्वास्थ्य सामग्री र पाँचजना स्वास्थ्यकर्मीको सेवा सुविधा दिएर सहयोग गर्दै आएको निक साइमनले झण्डै चार लाखको स्वास्थ्य सामग्री सहयोग गरेको हो । निक साइमनको वार्षिक सहयोग कार्यक्रमअन्तर्गत अस्पताललाई एकवटा बेबी वामर, एकवटा पोर्टएबल एइडी (मुटु अकस्मात बन्द हुँदा केही सेकेण्डमै सक्ड दिने मेसिन) लगायत १० प्रकारका सामग्री सहयोग गरिएको निक साइमनको कोशी प्रदेश संयोजक सुशील बस्नेतले जानकारी दिनुभयो ।

निक साइमनले ४० वटा सरकारी अस्पताललाई वार्षिक रूपमा स्वास्थ्य सामग्री सहयोग गर्दै आएको छ । अस्पताललाई चाहिने आवश्यक सामग्री उहाँहरूले रिक्वेस्ट गर्नुहुन्छ । संयोजक बस्नेतले भन्नुभयो, 'सहयोग गर्ने हाम्रो निश्चित बजेटबाट खरिद गरेर ती सामग्री दिन्छौं । योपटक तीन लाख ७७ हजार ११४ रुपैयाँको सामग्री अस्पताललाई सहयोग गरेका हौं ।' निक साइमनले विगत १० वर्षदेखि जिल्ला अस्पतालमा कार्यरत एमडिजिपी एकजनाको आंशिक र मेडिकल अधिकृत एकजना, स्टाफ नर्स एकजना, एनेटस्थेसिया असिष्टेन्ट एकजना र बायोमेडिकल टेक्निसियन एकजनाको सम्पूर्ण तलब लगायतका सेवासुविधा सहयोग गर्दै आएको छ । निक साइमन, अस्पताल विकास समिति र कर्मचारीबीच भएको त्रिपक्षीय सम्झौताअनुसार पाँचजना कर्मचारीको तलब लगायतका सेवासुविधा निक साइमनले अस्पताल विकास समितिको खातामा राखिदिने गरेको छ । निक साइमनले राखेका पाँचजना कर्मचारीलाई अस्पतालले भत्ता लगायतका सुविधा मात्रै उपलब्ध गराउँदै आएको छ । निक साइमन, अस्पताल विकास समिति र कर्मचारी बीचको सम्झौता २०८३ सालसम्म रहेको जिल्ला अस्पताल खोटाङका निमित्त प्रमुख रुपेश संग्रौलाले बताउनुभयो । सरकारी अस्पतालहरूलाई सुधार गर्ने लक्ष्यले निक साइमनले लामो समयदेखि सहयोग गर्दै आइरहेको छ ।

## गोडाले लेखेर एसइई परीक्षा दिँदै




**श्रृंगा जनता माविमा अध्ययनरत ऋषिराम कँडेल बिहीबार गुल्मीको रुरु क्षेत्र गाउँपालिकाको जनबोध माध्यमिक विद्यालय परीक्षा केन्द्रमा गोडाले लेखेर एसइई परीक्षा दिँदै । तस्बिर : रासस**

## गतिहीन संसद्को...

« पृष्ठ १ बाट क्रमशः

साथै धेरै विधेयक ल्याउने तयारी गरेको थियो । तर, यसपटक पनि सत्ता टिकाउने, ढलाउने र जोगाउने किसिमका कामका लागि नै हिउँदे अधिवेशन प्रयोग भएको देखियो ।

अधिवेशन सुरु भएको दुई महिना पुग्न लाग्दा संसद्ले अपेक्षित परिणाम दिन सकेको छैन । परिणाममै हेर्दा २७ माघ ०७९ मा प्रतिनिधि सभामा दर्ता भएको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक र २८ फागुन ०७७ मा राष्ट्रिय सभामा दर्ता भएको अनुगमन तथा मूल्यांकन विधेयक दुवै सभाबाट पारित भएर प्रमाणीकरणको चरणमा छ ।

राष्ट्रिय सभाका समितिले सभामा उत्पत्ति भएका विधेयकहरू धमाधम टुंग्याएर सन्देशसहित पठाए पनि प्रतिनिधि सभामा अड्किएका छन् । प्रतिनिधि सभामा नयाँ उत्पत्ति भएका विधेयक एउटा पनि टुंगिन सकेको छैन । राष्ट्रिय सभाबाट आएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयकलाई प्रतिनिधि सभाको कृषि समितिले टुंग्याएको छ, सदनमा अवरोधका कारण सभामा प्रस्तुत हुन सकेको छैन ।

## विधेयकहरू समितिमा...

« पृष्ठ १ बाट क्रमशः

संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमलाका अनुसार प्रतिनिधि सभाको शिक्षा समितिमा सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, नेपाल विश्वविद्यालय विधेयक, विद्यालय शिक्षा विधेयक छलफलको क्रममा छ । राज्य व्यवस्था तथा सुशासन समितिमा भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक छ ।

कानुन, न्याय तथा मानव अधिकार समितिमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छ । अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक छ । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक दफाबार छलफल सकिएर प्रतिवेदनसहित सभामा पेस हुने चरणमा छ । पूर्वाधार विकास समितिमा विद्युत् विधेयक उपसमिति बनाएर दफाबार छलफलको क्रममा छ ।

यसबाहेक राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक (गैरसरकारी), विद्युतीय व्यापार विधेयक, बैंकिङ कसुर तथा सजाय विधेयक, भन्सार विधेयक, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक (गैरसरकारी), संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, विधायन व्यवस्थापनसम्बन्धी विधेयक र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक प्रतिनिधि सभामा विचाराधीन छन् । सभामा विचाराधीन १२ विधेयकमध्ये केहीमा सैद्धान्तिक छलफल भएको छ केही विधेयक छलफलको चरणमै प्रवेश गरेका छैनन् ।

## बैठक अवरुद्ध...

« पृष्ठ १ बाट क्रमशः

दिन लामो वैदेशिक भ्रमणमा निस्किएका छन् । संसदीय समितिको काम पनि ठप्प छ । विधायिकी काममा दलहरूलाई झकझक्याउनुपर्ने संसद्को नेतृत्व नै सदन बन्द गरेर हिँडेपछि विधेयक अधिवेशनको 'पिक आवर'मा संसदीय गतिविधि ठप्प बनेको हो । त्यसो त केही दिनदेखि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने सहकारी अपचलनमा संलग्न रहेको भन्दै राजीनामा माग गरिरहेको छ । साथै संसदीय छानविनका लागि समेत कांग्रेसले माग गरिरहेको छ । आगामी दिनमा यस विषयमा छानविन नभए आउने बैठकसमेत अवरुद्ध गर्ने चेतावनी दिएको छ । कांग्रेस नेताहरू संसदीय छानविनको विषय निरूपण नभए अब सदन चल्न नसक्ने बताइरहेका छन् । यो परिस्थितिमा विधायिकी कार्यले गति लिने सम्भावना न्यून छ ।

आज वि.सं २०८० चैत्र १६ गते शुक्रबार, ई.स. २०२४ मार्च २९, तिथि– चैत्र कृष्णपक्ष चतुर्थी, विशाखा– नक्षत्र, बज्र– योग, वालव– करण, चन्द्रराशि– तुला, सूर्योदय– ६:००, सूर्यास्त– १८:१९ ।



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : लगानीमा रहेका धनको उचित प्रतिफल आउनाले मन प्रफुल्ल हुनेछ ।
वृष : साथीभाइ र नातेदारबाट उपयोगी सल्लाह र सहयोग प्राप्त हुनेछ ।
मिथुन : तर्क, बहस र वादविवादको स्थिति सिर्जना हुनसक्छ ।
कर्कट : पारिवारिक समस्यामा समय र धन खर्च हुनसक्छ ।
सिंह : विलासिताका वस्तुमा मन आकर्षित हुनेछ ।
कन्या : आफ्ना कामबाट पछुताउनुपर्ने अवस्था आउनेछ ।
तुला : बन्धुवान्धव र साथीभाइले काममा सहयोग पुऱ्याउनेछन् ।
वृश्चिक : घरपरिवार र छरछिमेकमा असमझदारी बढ्न सक्छ ।
धनु : रोजगारीका क्षेत्रमा सम्मान र शाख जोगाउन सकिने छ ।
मकर : पारिवारिक जीवन सन्तोषप्रद रहनेछ ।
कुम्भ : आजको चिन्तन र उपायले वैराग्य र निराशालाई बढावा दिनेछ ।
मीन : स्वास्थ्यमा समस्या आउन सक्छ ।

## एमडिएमएस खरिदमा...

« पृष्ठ १ बाट क्रमशः

बनाएर झण्डै ९२ करोड बिगो दाबी गरी भ्रष्टाचार मुद्दा दायर गरिएको छ,' विशेष अदालतका सूचना अधिकारी धनबहादुर कार्कीले भन्नुभयो ।

एमडिएमएसको खरिदमा अनियमिततामा मुछिएपछि तत्कालीन अध्यक्ष खनालले राजीनामा दिनुभएको थियो । उनीहरूले एमडिएमएस खरिद प्रक्रियाको टेण्डर प्रक्रिया, परामर्शदाता छनोट लगायतका काममा भ्रष्टाचार गरेको अख्तियारको ठहर छ । यसअघि प्रतिनिधिसभा अन्तर्गतको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले प्राधिकरणबाट एमडिएस सम्बन्धमा सुरुदेखि भएका नीतिगत निर्णय, खरिद प्रक्रिया भुक्तानी र कार्यान्वयनको औचित्यमाथि प्रश्न उठाउँदै कागजात झिकाएको थियो । नेपाल दूरसञ्चार प्राधिकरणले एमडिएमएस सिष्टम २०७९ साल भदौ ३० गतेदेखि लागू गरेको थियो । नेपालमा भित्रिने मोबाइल फोनहरूको गैरकानुनी आयात रोक्न एमडिएमएस सिष्टम लागू गरेको थियो ।

सरकारले आर्थिक वर्ष २०७१/७२ को बजेट वक्तव्यमा भन्सारबाट चोरी भई नेपालमा ल्याउने मोबाइल सेटको प्रयोग निरुत्साहित गर्न एमडिएमएस प्रणाली लागू गर्ने घोषणा गरेको थियो । १ साउन २०७२ देखि प्रणाली कार्यान्वयन गर्न तयारी भएको थियो, तर विभिन्न कारण ढिला भई २०७५ मा मात्रै प्रक्रिया अघि बढेको थियो । एमडिएमएस खरिदकै लागि प्राधिकरणले छुट्टै विनियम बनाएको थियो, जसलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले बनाएको छानविन समितिले विवादास्पद भन्यो । करिब ६ महिनामा सम्पन्न हुनुपर्ने काम अहिलेसम्म हुन नसकेको भनी छानविन समितिले संलग्नहरूमाथि चरम लापरबाही गरेको र गैरजिम्मेवार बनेको आरोप लगाएको छ ।

विदेशी डलरमा भुक्तानी भएकाले फैसलाको मितिसम्म विनिमयदर फेरबदल भए त्यसैलाई गणना गरेर बिगो र जरिवाना असुल्नुपर्ने अख्तियारको दाबी छ । अख्तियारले एमडिएमएस उपकरण खरिदमा संलग्न कम्पनीहरू मलेसियाको न्युमेरा कम्पनी, नमस्ते ग्लोबल सिंगापुर, ओएसआई डिजिटल इण्डियाविरुद्ध पनि मुद्दा दायर गरेको छ । उसले न्युमेराका अध्यक्ष मोहम्बद नुर अमिन विन मोहम्बद नुर खान, वार्तामा संलग्न मोहम्बद शिहाव विन कुन्ही मोहम्बद, चिफ अपरेसन अफिसर अनुज सिंह, प्रडक्ट स्पेसलिष्ट जमिल अमिदविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको हो । उसले ती कम्पनीहरूको साझेदार नमस्ते ग्लोबल प्रालिका निर्देशक कबिन्द्रराज मल्लविरुद्ध पनि मुद्दा दायर गरेको हो ।

## राष्ट्रिय मुद्दामा...

« पृष्ठ १ बाट क्रमशः

कि भर्खरै सहकार्य तोडेको पार्टी कांग्रेस महामन्त्री गगनकुमार थापाले भेट्न खोज्दा प्रधानमन्त्री प्रचण्डले सत्ता साझेदार दलको प्रमुख घटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग अनुमति नै लिनुभएको थियो । नयाँ गठबन्धन बनेसँगै माओवादी र कांग्रेसका शीर्ष नेताहरूबीच सदनमै आरोप-प्रत्यारोपसमेत चलेको थियो । दुई दलका शीर्ष नेताहरूबीच एक-अर्काप्रति गैरराजनीतिक टिप्पणीको सिलसिलासमेत चलेको थियो ।

तर, कांग्रेससँगको गठबन्धन टुटेर एमालेसँग जोडिएको नयाँ सत्ता गठबन्धन निर्माण भएको एक महिना नबित्दै राजनीतिक परिस्थिति परिवर्तन हुन थालेको छ । पछिल्ला केही दिनयता नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री प्रचण्ड र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भेटघाट बाक्लिन थालेको छ ।

मंगलबार राति नेपाली कांग्रेस राष्ट्रियसभा संसदीय दलका नेता कृष्णप्रसाद सिटौला सहितका नेताहरू लिएर प्रधानमन्त्री प्रचण्डलाई भेट्न बालुवाटार पुग्नुभएका कांग्रेस सभापति शेरबहादुर देउवाले बिहीबार पनि प्रचण्डसँग भेटघाट गर्नुभएको छ । नयाँ सत्ता समीकरण बनेपछि प्रधानमन्त्री प्रचण्ड र सभापति देउवाबीच वान टु वान छलफल भएको बिहीबार पहिलोपटक हो । बिहीबार प्रधानमन्त्री प्रचण्डले बोलाएपछि कांग्रेस सभापति देउवा बिहान प्रधानमन्त्रीनिवास बालुवाटार पुग्नुभएको थियो । भेटवार्तामा संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई अघि बढाउने, संसद्लाई बिजनेस दिन, संसद् गतिरोध अन्त्य लगायतका राष्ट्रिय मुद्दाहरूमा छलफल भएको प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिनुभयो ।

राष्ट्रिय मुद्दाहरूमा मिलेर जान प्रधानमन्त्री प्रचण्डले राखेको प्रस्तावमा सभापति देउवाले सकारात्मक जवाफ दिनुभएको जानकारी दिँदै प्रधानमन्त्रीका प्रेस सल्लाहकार आचार्यले भन्नुभयो, 'राष्ट्रिय मुद्दाहरूमा सत्तापक्ष र प्रतिपक्ष नराखौं, मिलेर अघि बढौं भन्ने प्रधानमन्त्री प्रचण्डको आग्रह थियो । जनताको मुद्दामा वादविवाद नगरी अगाडि बढौं । पर्याप्त छलफल गरौं मिलेर जाऔं भन्ने प्रस्ताव प्रधानमन्त्रीको छ । खासगरी अदालतबाट समेत आदेश आइसकेको सन्दर्भमा टिआरसीलाई अघि बढाउने, विधेयक अधिवेशनमा त्यति धेरै विधेयकहरू अघि नबढेकाले अब बढाऔं भन्ने लगायतका मुद्दामा प्रधानमन्त्रीले आग्रह गर्नुभयो । र, त्यसमा देउवाबाट पनि सकारात्मक प्रतिक्रिया आएको छ ।' कांग्रेस सभापति शेरबहादुर देउवाका स्वकीय सचिव भानु देउवाले भेटवार्ताको क्रममा संवैधानिक परिषद् बैठकको विषयमा छलफल भएको जानकारी दिँदै भन्नुभयो, '१८ गते प्रधानमन्त्रीले संवैधानिक परिषद्को बैठक बोलाउनुभएको छ । त्यही बारेमा कुरा भएको हो ।' मंगलबार दिउँसो प्रधानमन्त्री प्रचण्ड र नेपाली कांग्रेस राष्ट्रियसभा संसदीय दलका नेता सिटौलाबीच पनि छलफल भएको थियो । यस अघिदेखि नै शान्ति प्रक्रियाका कामलाई सम्पन्न गर्ने टिआरसी विधेयक टुंगोमा पुऱ्याउन खोजिए पनि दलबीच सहमति जुटिसकेको छैन । यसअघि एमालेको असहमतिको कारण यो विषय अलपत्र पर्दै आएको थियो । एमाले सरकारमा गएपछि पनि यस विषयमा दलहरूबीच संवादको वातावरण देखिएको छैन । प्रतिनिधि सभाअन्तर्गत रहेको कानुन न्याय र मानव अधिकार समितिमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक विचाराधीन अवस्थामा छ ।

प्रधानमन्त्री प्रचण्डले कांग्रेस, एमाले सहितका दलहरूको सर्वसम्मतिमा विधेयक पास गराउन पहल गर्दै आउनुभएको छ । कांग्रेससँगको समीकरणमा भएपछि प्रचण्डले यसलाई टुटाउँदै २१ फागुनदेखि एमालेसहितका दललाई जोड्नुभएको थियो । प्रधानमन्त्री प्रचण्डले थप एक वर्ष प्रधानमन्त्री बनेपछि देउवा आफू प्रधानमन्त्री बन्ने पर्खाइमा हुनुहुन्थ्यो । तर, प्रचण्डले समीकरण बदलेपछि कांग्रेस प्रधानमन्त्रीसँग असन्तुष्ट रहँदै आएको छ । यही असन्तुष्टिपछि पहिलोपटक प्रचण्ड र देउवाबीच एक्लाएक्लै भेटवार्ता भएको हो ।

# खाद्यबाली छाडेर सुन्तला खेती गर्दै किसान

**प्रकाश नेपाल/हिटा** । खाद्यबाली हुने जग्गामा इलामका किसानले सुन्तला खेतीबाट आम्दानी लिन थालेका छन् । राम्रो आम्दानी हुन थालेपछि किसानले खाद्यबाली छाडेर सुन्तला खेती गर्दै आएका हुन् । लहलह पहेंलपुर धान झुल्ने इलामको माईजोगमाई-४ नामसालिङ डाँडागाउँ अहिले हरियाली देख्न सकिन्छ । धान फल्ने खेतमा व्यावसायिक सुन्तला खेती यहाँका किसानले गरेको १० वर्ष भयो । सुन्तला बगानले अहिले किसानलाई खाद्यबालीको तुलनामा ८० प्रतिशत बढी आम्दानी दिइरहेको छ । पश्चिम इलामको देउमाई नगरपालिकाको धुसेनीमा सुन्तला खेतीमा किसानको आकर्षण बढेको छ । धान खेतीको तुलनामा सुन्तलाबाट आम्दानी राम्रो हुने भएकाले किसानको आकर्षण बढेको हो । राम्रो धान फल्ने खेतमा धमाधम सुन्तलाका बिरुवा किसानले रोपण गर्दै आएका छन् । धान खेतीभन्दा धेरै गुणा बढी आम्दानी सुन्तला खेतीले दिने भएपछि किसानको आकर्षण बढेको व्यवसायी देवराज लावतीले बताउनुभयो । इलाममा उत्पादन भएको सुन्तला पश्चिम बंगालको राजधानी कलकत्ता बजारमा समेत पुग्ने गरेको छ । इलामका १० वटा पालिकामध्ये पाँच पालिकामा सुन्तला खेती हुन्छ । त्यसैले किसानले धान उत्पादन हुने खेतमा सुन्तला खेती लगाउने क्रम बढेको हो । किसानको मुख्य आम्दानीको स्रोत रहेको सुन्तलाको व्यावसायिक खेती हुने गरेपछि कृषि ज्ञान केन्द्रले अनुदानका कार्यक्रमहरू समावेश गरेको छ । सुन्तला खेती इलाम र पाँचथर सीमा क्षेत्र माङ्सेबुङ, मिक्लाजुङ गाउँपालिकामा अहिले बढ्दै गएको मिक्लाजुङ-५ का वडाध्यक्ष अविसन लावतीले बताउनुभयो । इलामका अधिकांश स्थान पारिलो क्षेत्रमा पर्ने भएकाले यहाँको सुन्तला बढी गुलियो हुन्छ । इलाममा तीन सय हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ ।

# ना र बेदिङमा हेलिप्याड



**नवराज शिवाकोटी/हिटा**

दोलखा, १५ चैत

पदयात्राका लागि प्रसिद्ध गौरीशंकर गाउँपालिका-९ को ना र बेदिङ गाउँमा हेलिप्याड निर्माण गरिएको छ । पर्यटकहरू तथा स्थानीयहरूको आपत्कालीन उद्धारका लागि ती हेलिप्याडहरू निर्माण गरिएको हो ।

हेलिप्याड निर्माणपछि च्छोरोल्पा हिमताल र रोल्वालिङ क्षेत्र भ्रमणमा जाने पर्यटकलाई तथा स्थानीहरूको आपत्कालीन उद्धारका लागि समेत सहयोग पुग्ने गौरीशंकर गाउँपालिका-९ का वडाध्यक्ष निमगेली शेर्पाले बताउनुभयो । यातायातको कुनै पनि वैकल्पिक साधन प्रयोग गर्न सकिने अवस्था नरहेको रोल्वालिङ क्षेत्रमा आपत्कालीन उद्धारका लागि हेलिकप्टरको प्रयोग हुन्छ । रोल्वालिङ पदयात्रा मार्गमा ना र बेदिङ दुईवटा गाउँ भएकाले गाउँपालिकाले दुवै ठाउँमा हेलिप्याड निर्माण गरेको गौरीशंकर गाउँपालिकाले जनाएको छ ।

ना च्छोरोल्पा हिमताल निकट गाउँ हो । च्छोरोल्पा हिमताल र दूधकुण्ड हेर्न जाने पर्यटकहरू ना गाउँ पुगेर बास बस्ने गर्दछन् । त्यस्तै, च्छोरोल्पा हिमताल हुँदै टासिलाप्चा पास हुँदै सोलुखुम्बुको नाम्चे जाने पर्यटक पनि ना गाउँ हुँदै जाने गर्दछन् । ६ हजार मिटरसम्मका हिमाल आरोहण र हिमाल आरोहणको अभ्यासका लागि पनि रोल्वालिङ क्षेत्रमा विदेशी पर्यटकहरू जाने गर्दछन् ।

हेलिप्याड बनेपछि राहत र उद्धारमा सजिलो हुने गौरीशंकर गाउँपालिका-९ का वडाध्यक्ष निमगेली शेर्पाको भनाइ छ । हेलिकप्टर आउँदा अवतरण गर्ने उपयुक्त स्थान नहुँदा खर्च बढी हुने गरेको स्थानीयहरूको गुनासो बढेपछि हेलिप्याडको निर्माण गरिएको उहाँको भनाइ छ । दुवै ठाउँमा हेलिप्याड निर्माणका लागि गाउँपालिकाले पाँच लाख लगानी गरेको तथा नपुग स्थानीयहरूले श्रमदान गरेको उहाँले जानकारी दिनुभयो ।

ना र बेदिङ सगरमाथा आरोहीको गाउँका रूपमा समेत चिनिन्छ । हालसम्म यहाँका ५६ जनाले सगरमाथा आरोहण गरिसकेका छन् । सगरमाथा आरोहणबाटै यहाँका शेर्पाले विभिन्न विश्व कीर्तिमानसमेत कायम गरेका छन् ।

Nepal Government
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management

## Federal Water Supply and Sewerage Management Project

Besisahar, Lamjung

**Invitation for Bid (IFB)**

*(First date of Publication: March 29, 2024)*

Federal Water Supply & Sewerage Management Project, Lamjung invites open competitive bidding from eligible bidders for the supply and delivery of following goods under National Competitive Bidding (NCB)

| Contract Identification No. | Description | Price of Bid Document | Bid Validity Period | Bid Security/ Bid Bond | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| IFB/05/2080/81/Goods/ Fwssmp/Lamjung | Supply And delivery of HDPE (PE-100) Pipes. | NRS.3,000 | 90 days | NRs. 3,30,000.00 | 28-04-2024 12:00 |

Eligible bidders may obtain further information from Federal Water Supply and Sewerage Management project, Lamjung, (Tel: 066-520110,520080, email: **fwssmplamjung@gmail.com**) during office hour or may visit PPMO web portal **www.bolpatra.gov.np/egp.**

Project Chief

Kuwait मा रोजगार — Agricultural Supplies & Equipment CO W.L.L.

पूर्व स्वीकृति मिति: २०८०/१२/१५ | LT No.: 302738

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD. | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|
| १. | Helper/Labor/Worker (Outdoor) | 200 | 0 | 95 | ४१,१८२।- |
| २. | Helper/Labor/Worker (Indoor) | 0 | 4 | 85 | ३६,८४७।- |

अन्तरवार्ता २०८० चैत २३ गते (5 April, 2024) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा हुनेछ ।

DHR डेष्टिनि ह्युमेन रिसोर्स नेपाल प्रा. लि.

सुविधानगर, तिनकुने, काठमाडौं, फोन: ०१-५१०८६३२, ५१०८६३४

## सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/१६**

गुठी संस्थान प्रधान कार्यालयसँग राष्ट्रिय खेलकुद परिषद्ले मिति २०७४/०८/०१ मा जनकपुरस्थित जग्गा बहाल करार (Lease) भएकोमा मिति २०८०/०९/०३ मा परिषद्ले उक्त करार भंग गरी सो जानकारी मिति २०८०/०९/०३ च.नं. १०१० को पत्रबाट परिषद्ले तिर्न बुझाउन बाँकी बक्यौता बहाल रकम दाबी गर्न पत्राचार गरिएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएको हुँदा ७ (सात) दिन भित्र राष्ट्रिय खेलकुद परिषद्मा सम्पर्क राख्नुहुन सम्बन्धित गुठी संस्थानलाई जानकारी गराइन्छ ।

राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं ।

## लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना**

सूचना प्रकाशित मितिः २०८०।१२।१६

लेटाङ नगरपालिका आ.व.२०८०।०८१ मा (Procurement of Digital X-ray 500 MA With CR System) का लागि २०८०।१०।१९ मा बोलपत्र आह्वानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तपसील बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

| क.सं. | ठे.नं. | कार्य विवरण | घटी कबोल गर्ने घटी कबोल गर्ने नि.व्या.नाम | ठेगाना | बोलपत्र/दरभाउपत्रमा घटी कबोल रकम मु.अ.कर र पि.एस.बाहेक |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/SUR/01/080-81 | Procurement Of Digital X-Ray 500 MA with CR System | निक्षी डिष्ट्रिब्युटर | धरान | २४०००००।०० |

प्रमुख प्रशासकीय अधिकृत

यो पुस्तक बिक्रीबाट प्राप्त रकम कोषमा जम्मा गरिने र त्यसको ब्याजबाट विपन्न क्यान्सर पिडीत महिला वा पुरुषलाई सहयोग दिइने गरिएको छ ।




अब सीग वा भृकुटी पढाएर पुग्दैन । नयाँ पुस्तालाई आकर्षित गर्ने हो भने जीवन्त नयाँ विषय हुनुपर्छ । अबको नयाँ पुस्तालाई शान्ता र योगमाया पढाउनुपर्दछ । जीवन र मृत्युबीचको सन्निधिन्दुलाई दर्शनका रुपमा प्रस्तुत गरेको यो शान्ता उपन्यासलाई तत्काल पाठ्यक्रममा राख्नुपर्दछ । म सय वर्ष हुन लागेको छु र मेरा हातबाट हजारौं कृति लोकार्पित भइसकेका छन् । तर म यस कृतिका बारे मात्रै यसो भनिरहेको छु : नेपालका शिक्षक, प्राध्यापक, पाठ्यक्रम निर्माता र विश्वविद्यालयले **शान्ता उपन्यास**लाई पाठ्यक्रममा समावेश गरी पढाउनुहोस्, सबैसँग मेरो यो आग्रह हो । यो कृति नोबेल पुरस्कार प्राप्त चीनका साहित्यकार मो यान (ग्वान मोये सही नाम २०१२ को नोबेल साहित्य पुरस्कार विजेता) को जीवनशैलीको दर्शनसमान रहेको हुनाले नेपाली पाठकहरूमा मात्रै सीमित हुनु हुँदैन ।

शताब्दी पुरुष सत्यमोहन जोशी

**पाइने स्थान**
■ एनपी टिसि(प्रेस) सरस्वती नगर ■ हिमालय टाइम्स, मध्यबानेश्वर
■ पशुपति बुक्स, बानेश्वरचोक, ४५९४७०३०
सम्पर्क लेखक :९८४९१४८८०४

## Kushma Municipality
Office of Municipal Executive
Kushma, Parbat
Gandaki Province, Nepal

**INVITATION FOR BIDS**

*Date of publication: B.S. 2080/12/16 (29th March, 2024)*

Kushma Municipality, Office of Municipal Executive, Kushma, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of works which is mentioned on following table under National Competitive Bidding. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| SN | Description of works | Contract No. | Average Annual Turnover in Nrs. | Bid Capacity in Nrs. | Bid Doc. Fee NRs. | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|---|
| 1 | Construction works for Administrative Building of Kushma Municipality | KM/W/NCB/ PAR/08(080/81) | 10,39,20,000.00 | 16,70,00,000.00 | 10,000 | 50,00,000.00 |

**Information to deposit the cost of bidding document in Bank.**

**Name of Bank** : Nepal Bank Limited, Kushma
**Name of Office** : Kushma Municipality, Office of Municipal Executive, Kushma, Parbat
**Office Account No.** : 06603000001001000001
**Office Account Name** : Kushma Nagarpalika aantarik raajashwo khata

**Chief Administrative Officer**

सम्पादकीय

# राजधानीको प्रदूषण चिन्ताको विषय

जुनसुकै देशको राजधानीमा अत्यधिक जनघनत्व र वस्तीका कारण स्वाभाविक प्रदूषण रहेको हुन्छ । तर, सुन्दर प्रकृतिको काखमा रहेको नेपालको राजधानी रहेको काठमाडौं उपत्यका प्रदूषणको उच्च जोखिममा पुगेको छ । संसारका बढी प्रदूषित शहरहरूमध्ये काठमाडौं उपत्यका पनि पर्दछ र यो दोस्रो नम्बरमा पर्छभन्दा यो हाम्रा लागि चिन्ताको विषय हो । यस क्षेत्रका विज्ञहरूले पहिलेदेखि भन्दै आएको विषय हो । चीनको बेइजिङ, भारतको कोलकत्ता, बंगलादेशको ढाका, पाकिस्तानको लाहोर, मेक्सिकोको मेक्सिको सिटी, थाइल्याण्डको च्याङमाई, चीनको उहान, भियतनामको हनोई र कम्बोडियाको न्होन्पेहलगायतका ठाउँहरू विश्वका बढी प्रदूषित शहरहरूमा पर्दछन् । तर, यस वियषयमा चिन्ता गरेरमात्र हुँदैन यसलाई कम गर्ने उपायहरूको खोजी पनि गर्नुपर्छ ।

छिमेकी देश भारतको राजधानी शहर नयाँदिल्ली पनि संसारको प्रदूषित शहरमा पर्छ । त्यहाँ अत्यधिक जनसंख्या, अव्यवस्थित बसोवास फोहोरमैलाको समुचित व्यवस्थापन हुन नसक्नुजस्ता अनेकौं कारणले गर्दा कहिलेकाहीं तुवाँलोले आकाश नै नखुल्ने समस्या सिर्जना हुन्छ । यसले गर्दा विमान सञ्चालन हुन सक्दैनन् र अन्य विभिन्न दैनिकीमा समेत नकारात्मक प्रभाव पर्छ । यस्तै खालका सास्या हाम्रो देशको राजधानी शहरमा पनि पर्न थालेकका छन् । काठमाडौं उपत्यका पहाडी भू-भाग भएका कारण यो चिसो ठाउँ हो । त्यसो भएको हुनाले भारतको दिल्लीमा जस्तो प्रदूषणको समस्या यहाँ नहुनुपर्ने हो तर विभिन्न कारणले काठमाडौं अत्यन्त प्रदूषित हुँदै गएको छ । उपत्यकामा क्षेत्रफलको तुलनामा मानिसहरूको संख्या अधिक छ ।

देशको ०.५ प्रतिशत क्षेत्रफलमा जम्मा जनसंख्याको १५ प्रतिशतभन्दा बढी मानिस बसोवास गरिरहेका छन् । यस उपत्यकाभित्र स्थायी बसोवास गर्नेभन्दा पनि अस्थायी रूपमा बसोवास गर्नेहरूको संख्या बढी छ । यसले गर्दा फोहोरमैलाको उत्सर्जन बढी हुन्छ र त्यसलाई व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ । जनसंख्याको अत्यधिक चापले गर्दा यहाँका कञ्चन पानी बग्ने विभिन्न नदीनाला ढलमा परिणत भइसकेका छन् । खोला मिचेर बसोवास गर्नाले त्यस्ता खोलाहरूको प्राकृतिक स्वरूप अब देख्न पाइँदैन । तिनले आफ्नो प्राकृतिक स्वरूप फेरिसकेका छन् । उपत्यकाभित्रका पोखरीहरू पनि बस्ती विकासको चपेटामा परेर धेरैजसो हराइसकेका छन् र केही बाँकी रहेकाहरू पनि पूर्वस्वरूपमा छैनन् । तिनको पानी कुनै पनि घरायसी प्रयोजनमा उपयोग गर्न सकिने खालको छैन । मानिसहरूका अतिक्रमणको चपेटामा परेर यस्ता पोखरीहरू हराउँदै र पुरिँदै गएका छन् । एकातिर काठमाडौं पर्यटकीय गन्तव्यको शहर भनेर परिचित भएको अवस्थामा अर्कातिर प्रदूषणको मार । यदि प्रदूषणलाई कम गर्न सकिएन भने पर्यटकहरूको आगमनमा समेत धक्का पुग्ने निश्चित छ ।

कलकारखानाबाट उत्पादित रासायनिक पदार्थ नदीहरूमा मिसाउनाले प्रदूषण अझै बढ्न गएको छ भने यातायातको अत्यधिक चाप र तिनको राम्ररी व्यवस्थापन तथा नियमन हुन नसक्दा धुवाँ र धुलोले पनि यो शहर प्रदूषणले आक्रान्त बन्न पुगेको हो । यहाँको आकाशमा फैलिएको कार्बनजन्य पदार्थले आकाश प्राय धुम्म हुने गर्छ र घामको प्रकाश पनि मधुरो हुन्छ । गाडीहरू र कलकारखानाका कारण ध्वनि प्रदूषणको समस्या पनि त्यत्तिकै पेचिलो बनेर आउने गरेको छ । यस्ता विभिन्न कारणले मौसममा अप्राकृतिक रूपमा फेरबदल भइरहन्छ । वर्षा सन्तुलित रूपमा हुँदैन । कहिले अधिक वर्षा हुन्छ भने कहिले पानी नपरेर विभिन्न खालका समस्या सिर्जना हुनपुग्छन् । अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिमात्र होइन अम्ल वर्षासमेत हुनसक्छ ।

गर्मीपछि जाडो सुरु हुने बेलामा र जाडोपछि गर्मी सुरु हुने बेलामा हुने मौसमी फेरबदल प्राकृतिक हो तर यसमा अप्राकृतिक समस्यासमेत थपिँदा मानिसलगायत विभिन्न प्राणीहरूमा यसले अनेकौं समस्या सिर्जना हुनपुग्छन् । विशेषगरी छातीको रोग, रुघाखोकी, दम, बाथ, झाडापखाला, उच्चरक्तचाप, हृदयघातलगायत अनेकौं रोगहरूले सताउन सक्छ । हावामा भएको धुलो र धुवाँ श्वासप्रश्वासका माध्यमबाट सबैभन्दा पहिले फोक्सोमा पुग्छ र फोक्सो प्रभावित बन्छ । त्यसपछि शरीरका विभिन्न अंगमा अक्सिजन र रगतका माध्यमबाट प्रदूषित पदार्थ पुगेपछि शरीरमा सबै भाग प्रभावित बन्न पुग्छन् । मौसमी फेरबदल प्राकृतिक कारणले नै हुने हो तर यसमा मानवीय कारणहरू पनि प्रभावी बन्न पुग्छन् । यस्ता समस्याहरूलाई कम गर्न सरकारी नियम कानुन प्रभावकारी हुनुपर्छ र तिनलाई नियमन गरी व्यवस्थित गर्न सक्नुपर्छ ।

यसैगरी सबै कुरामा सरकारको मुख ताक्ने नागरिकहरूको प्रवृत्तिमा परिवर्तन आउनुपर्छ । सबै काम सरकारले गरिदिन्छ भन्ने मानसिकता नागरिकहरूबाट हट्नुपर्छ र यस्ता प्रदूषणजन्य कार्यबाट बच्ने प्रयसमा सबै लाग्नुपर्छ । आफ्ना काम आफैं गर्ने र सचेतता अपनाउने कार्यमा प्रायः हामी उदासीन रहँदै आएका छौं । यो नै हाम्रो सबैभन्दा ठूलो कमजोरी हो । यस्तै प्रवृत्तिले गर्दा हाम्रा प्रगतिका बाटाहरूमा अवरोध पुग्ने गरेको छ । यसका लागि सावधानी अपनाउनुपर्छ । आफूमात्र होइन अरूलाई समेत सावधान बन्न लगाउनुपर्छ । यसो गरियो भने यस्ता प्रकोपबाट जोगिन सकिन्छ र समस्याहरूलाई एकै पटक हटाउन नसके पनि बिस्तारै कम गर्दै लान सकिन्छ ।

# विद्युत् आयात सम्झौता : आशाको दियो निभ्नु भएन

**नेपालको आन्तरिक माग दुई हजार मेगावाट आसपास रहेकोमा लगभग १४०० मेगाबाटमात्र उत्पादन भएको छ । उत्पादनमा उल्लेख्य कमी आएका कारण, कम भएको मध्ये ४५० मेगावाट बिजुली भारतको 'इण्डियन इनर्जी एक्स्चेञ्ज लिमिटेड' (आइएक्स) को डे अहेड बजारमा प्रतिस्पर्धा गरी नेपाल विद्युत् प्राधिकरणले खरिद गर्दै आएको छ । डे अहेड बजारमा खरिद गर्ने अघिल्लो दिनमा नै मूल्य र परिमाणसहित विडिङ गरिन्छ ।**



● शम्भु कोइराला

नमागिएको सल्लाह

१९ पुस २०८० मा नेपाल (भारतविच दीर्घकालीन विद्यत् व्यापार सम्झौता भएपछि नेपाली जनमानसमा आशाको सञ्चार भएको थियो । निर्यात योग्य कुनै पनि उत्पादन भारत र नेपालको प्रतिस्पर्धी वजारमा उत्पादित सामानसंग प्रतिस्पर्ध गर्न नसक्ने र नेपाली समाजमा उद्योगी , व्यापारी प्रति चाहिने जति सकारात्मक धारणा नभएको कारण विद्युत् आयात ले नेपालको निर्यात् व्यापारमा आशाको सञ्चार गराएको पक्कै हो । जसले, जतिबेला जहाँ जतिसक्यो घोटाला गर्ने प्रतिस्पर्धा चलिरहेको वर्तमान नेपाली सामाजिक परिवेशमा नेपाल विद्युत् प्राधिकरणले सही नेतृत्व पाएको र त्यो नेतृत्वप्रति नेपाली समाजमा स्वीकार्यता भएका कारण विद्युत् उत्पादनले नेपालको भविष्य फेर्न सक्छ कि भनेर आशा जगाएको हो ।

नेपालको बिजुली बेचेर समृद्ध नेपालको सपना देखेका नेपालीहरूलाइ विद्यत् व्यापार सम्झौताको म्याद आगामी आइतबार समाप्त हुँदै गर्दा यो आलेखलाई अन्तिम रूप दिंदासम्म उक्त सम्झौता नवीकरण भएको जानकारी सार्वजनिक भएको छैन । नकारात्मक सोचमा रमाउँने जनमानसका लागि अब नेपालमा फेरि लोडसेडिङ तालिका आउने हो कि ? भन्ने संशय पैदा भएको छ ।

सम्झौता नवीकरण नभएको अवस्थामा त अहिले पनि अघोषित लोडसेडिङ भइरहेको भनेर गुनासो गरिरहेका उद्योगपतिहरूको गुनासो अझ धेरै बढ्नेछ । नेपाल विद्यत् प्राधिकरणको भनाइमा विद्युत्को उत्पादन र उपलब्धताका कारणभन्दा पनि प्रसारण लाइनको अभावका कारण यो समस्या आएको हो । विद्युत् प्रसारण लाइन निर्माणमा स्थानीय र अन्य पक्षको निरन्तर अवरोधले प्रसारण लाइनको काम समाप्त गर्न कठिनाइ भएका कारण हेटौंडालगायत औद्योगिक क्षेत्रमा पिक आवरमा केही समय विद्युत् कटौती गर्नुपरेको भनाइ विद्यत् प्राधिकरणको रहेको छ ।

### बिजुलीको वर्तमान अवस्था

नेपालको आन्तरिक उत्पादन तिन हजार मेगावट भए तापनि रन अफ रिभर आयोजना धेरै भएको कारण हिउँद याममा उत्पादन निकै कम हुने गरेको छ । यो वर्ष हिउँदे वर्षा नभएको र हिउँ पग्लिने क्रम पनि कम भएका कारण नदीहरूमा पानीको मात्रामा धेरै कमी आएको छ । जलाशययुक्त आयोजना प्रशस्त मात्रामा नभएको र भएका आयोजनाको जलसतह पनि घटेका कारण बिजुली उतापादनमा उत्पादकहरूले कठिनाइ झेलिरहेका छन् । नेपालको आन्तरिक माग दुई हजार मेगावाट आसपास रहेकोमा लगभग १४०० मेगाबाटमात्र उत्पादन भएको छ । उत्पादनमा उल्लेख्य कमी आएका कारण, कम भएको मध्ये ४५० मेगावाट बिजुली भारतको 'इण्डियन इनर्जी एक्स्चेञ्ज लिमिटेड' (आइएक्स) को डे अहेड बजारमा प्रतिस्पर्धा गरी नेपाल विद्युत् प्राधिकरणले खरिद गर्दै आएको छ । डे अहेड बजारमा खरिद गर्ने अघिल्लो दिनमा नै मूल्य र परिमाणसहित विडिङ गरिन्छ । यस्तो भारतीय प्रतिस्पर्धी बजारबाट विद्युत् खरिदका लागि नेपालले २०७८ वैशाखमा अनुमति पाएको हो ।

विद्युत् खरिद सम्झौता हरेक वर्ष नवीकरण गर्ने प्रावधान भएको कारण नेपाल विद्युत् प्राधिकरणले तीन महिनादेखि प्रयास गरिरहेकोमा म्याद सकिन दुई दिन बाँकी रहँदासम्म नवीकरणको जानकारी नआउनुले आशंका र अन्यौल बढाएको छ । भारतले नवीकरणमा ढिलाइ भएको कारणवारे अनौपचारिक रूपमा कुरा हुँदा (भारतमा वैशाख सातदेखि जेठ उन्नाइस) सम्म हुने लोकसभा चुनावमा बढी विद्युत्को आवश्यकता पर्ने र गर्मी यामलाई कारण देखाउने गरेको विषय सार्वजनिक भएको छ । भारतीय अधिकारीहरूको अनौपचारिक कुराकानीको तर्कलाई विश्लेषण गर्दा गर्मी यो वर्षमात्र भएको होइन, हरेक वर्ष गर्मा हुने गरेको छ । एउटा छिमेकी देशसँग सम्झौता गरिसकेपछि चुनावलगायत यो वा त्यो बहानामा बिजुली निर्यात्मा खोचे थाप्ने किमार्थ राम्रो काम होइन ।

### भारतीय पक्षको सोच

भारतीय विदेशमन्त्रीले हालै दिएको एक अन्तर्वार्तामा भनेका थिए (हामीले छिमेकीसँग त्यस्तो सहकार्यलाई प्रवर्धन गर्नुपर्छ, जस्बाट आफ्नो हित रक्षा भएको छ भन्ने अनुभूति उनीहरूलाई होस्) विद्यत् सम्झौता नवीकरण नभएको अवस्थामा नेपालमा केही क्षेत्रमा घोषित र अघोषित मात्रामा छोटो समयका लागि भए पनि लोडसेडिङ हुनेछ । यस्तो अवस्थामा नेपाली जनजनमा भारतको असहयोग र निहित स्वार्थ र सानातिना असन्तुष्टिका लागि नेपाललाई दबाबमा राख्न गरिएको हो भन्ने भावनाको सञ्चार हुनेछ ।

यस्तो अवस्थामा विदेशमन्त्री जय शंकरको भनाइ ठीक उल्टो सावित हुनेछ । 'कूटनीतिमा जे भनिन्छ त्यो गरिँदैन । जे गरिन्छ त्यो भनिँदैन' भन्ने कहावत झन् सत्य सावित हुनेछ । भारतीय विदेशमन्त्री जय शंकर तत्कालीन अवस्थामा विदेश सचिव हुँदा नेपालको संविधान जारी हुने अघिल्ल दिन नेपाल आएर नेपाली नेताहरूसँग म्याराथुन भेटघाट गरेर संविधान जारी नगर्न दबबा दिएको र त्यो माग पूरा नभएपछि नेपालले करिब ६ महिना भारतीय नाकाबन्दीको सामना गर्नुपरेका कारण पनि नेपाली जनमानसमा उनको छवि कुटिल कूटनीतिज्ञको रूपमा रहेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रियता बढ्दो छ । आगामी लोकसभा निर्वाचनमा पहिलेको चुनावभन्दा अझ राम्रो परिणामसहित अझ शक्तिशाली बन्नेछन् भन्ने प्रक्षेपण भइरहेको छ । जतिजति लोकप्रियताको सिढी चढेदैछन् उति र उति मोदी आफूलाई मन नपर्नेप्रति असहिष्णु बनिरहेका छन् । झट्ट हेर्दा प्राचीन मुनिजस्ता देखिने मोदी अल्पसंख्यक, हिन्दू इतरप्रति र विरोधीहरूप्रति आक्रामक देखिँदैछन् । पहिले झारखण्डका मुख्यमन्त्रीलाई भ्रष्टाचारको आरोपमा गिरफ्तार गरियो भने पछिल्लो चरणमा दिल्लीका लोकप्रिय मुख्यमन्त्रीलाई भ्रष्टाचारको आरोपमा गिरफ्तार गरिएको छ ।

> भूगोल, संस्कार, संस्कृतिले स्थापित गरिदिएको तथ्य हो, नेपालको हकमा चीन-भारतजस्तो सहज छिमेकी बन्नै सक्दैन । यसको उदाहरण भारतले लगाएको पछिल्लो नाकाबन्दीको समयमा चीनबाट पेट्रोलियम पदार्थ ल्याउने काम सेरेमोनियलमात्र भयो । विकल्प दिने किसिमको भएन ।

छिमेकी देशको मामिलामा पनि भारतीय पक्ष नेपालमा सूक्ष्म व्यवस्थापन गर्न चाहन्छ । हरेक सानातिना विषयमा चासो राख्छ भन्ने जगजाहेर विषय हो । अहिले विद्युत् आयात सम्झौता नवीकरण नगरिएको सन्दर्भ पनि कतै मोदीको अहंकारमा ठेस लागेको हुन सक्दछ । त्यसलाई प्रत्यक्ष रूपमा भन्न मिल्दैन । सानातिना विषय जसले नेपाल समस्यामा पर्दछ, त्यसमा अप्ठ्येरो पार्ने बक्र नीति भारतीय पक्षको हुन सक्दछ ।

उसो त भारतीय पक्षले अदुवा, अलैंची जस्ता सानातिना वस्तु निर्यातमा पनि समय-समयमा अवरोध पुऱ्याइरहेकै हुन्छ । जतिजति मोदी शक्तिशाली बन्दै जान्छन् उति-उति उनी आन्तरिक, बाह्य रूपमा असहिष्णु र महत्त्वाकांक्षी बदैछन् । लिम्पियाधुरा र लिपुलेक नेपाल भारतको विवादास्पद क्षेत्र भन्ने दुवै पक्षले स्वीकार गरेको मान्यतालाई खारेज गरेका कारण नेपालले उक्तक्षेत्र आफ्नो हो भन्नु पर्ने अवस्था बन्यो ।

कट्टरवादी हिन्दु नेता मोदी कतै उनले प्राचीन भारतवर्ष, भारतखण्ड भन्ने सोच राखेर सबै छिमेकीप्रति आक्रामक र हस्तक्षेपकारी त बन्ने होइनन् भन्ने आशंका पलाएको छ । तर के बुझ् नुपर्दछ भने जसरी भारतविरोधी भावना बढेका कारण माल्दिभ्समा चिनियाँ पक्षधर र उग्र भारतविरोधी नेता निर्वाचनबाट विजयी भए त्यस्तै अन्यत्र पनि हुनसक्छ भनेर पाठ सिकाइ गरिएन भने सबैजसो छिमेकी भारतको पोल्टोबाट उम्किन सक्छन् ।

### नेपालले गर्नुपर्ने काम

नेपाल-भारत र चीन दुई उदीयमान शक्तिराष्ट्रको चेपुवामा परेको कारण नेपालको लागि असंलग्न परराष्ट्र नीति गुरु मन्त्र हो । आफ्नो राजनीतिक र निजी स्वार्थ पूरा गर्न केही नेपाली नेताहरू कुनै देशको नजिक भए तापनि हामीले दुई छिमेकीलगायत अन्य सबै मित्रराष्ट्रहरूसँग सन्तुलित सम्बन्ध बनाउनुको विकल्प छैन ।

अर्को भूगोल, संस्कार, संस्कृतिले स्थापित गरिदिएको तथ्य हो, नेपालको हकमा चीन-भारतजस्तो सहज छिमेकी बन्नै सक्दैन । यसको उदाहरण भारतले लगाएको पछिल्लो नाकाबन्दीको समयमा चीनबाट पेट्रोलियम पदार्थ ल्याउने काम सेरेमोनियलमात्र भयो । विकल्प दिने किसिमको भएन । विद्युत् आयात गर्ने सवालमा पनि त्यस्तै हो । कुनै नेतालाई उपचार गरिदिएको, उपहार दिएको, सन्तानलाई नि:शुल्क शिक्षा दिएको कारण र अपारदर्शी शासनप्रति लगावका कारण चीनप्रति आशक्ति रहन सक्दछ । तर, कुनै पनि हिसाबले चीन-भारतजस्तो सहज छिमेकी बन्न सक्दैन ।

नेपालका नेताहरू यति बेढंगे छन् कि आफ्नो राष्ट्रिय स्वार्थ के हो र त्यो प्राप्त गर्न के गर्नुपर्छ भन्ने सामान्य ज्ञानसम्म छैन । उदाहरणका लागि नेपालको भैरहवा र पोखराको विमानस्थल चलाउनुछ, पर्यटन मन्त्री बनाइएको छ क्रिश्चियनको पक्षधर र जातीयतावादी सुदन किराती जस्तालाई । हो, हामी आफ्नो देशको मन्त्री कसलाई बनाउने भन्नेमा स्वतन्त्र छौं, विवाद छैन । तर हिन्दुत्वको आक्रामक प्रवक्ता बनेर निस्किरहेको भारतीय सत्ताको स्वभावसँग तादात्म्य राख्ने, भारतीय नेतासँग पहिचान भएको नेतालाइ पर्यटनमन्त्री बनाएको भए केही सकारात्मक संकेत आउने सम्भावना रहने थियो ।

विद्युत् आयात सम्झौता नवीकरणमा देखिएको समस्या सतहमा देखिएको जस्तो होइन । भित्री कुरा अर्कै छ भन्ने जग जाहेर छ । यो विषय विद्युत् प्राधिकरणका प्राविधिक ज्ञान भएका कार्यकारी निर्देशकबाट समाधान हुने विषय भएको भए यति लामो समय कुर्नु पर्ने थिएन । यसभित्र केही गुनासा छन् । त्यो विषय उच्च राजनीतिक नेतृत्वलाई थाहा हुन सक्दछ । पूरा गर्न सम्भव हुने रहेछ भने समाधान गर्नु पऱ्यो । सम्भव नहुने प्रकृतिको रहेछ भने आफू आन्तरिक रूपमा सवल र सक्षम बन्नु पऱ्यो । जलाशययुक्त आयोजना तत्काल सोचेर तत्काल बन्ने होइन, यसमा युद्धस्तरमा काम गरेर कमसे कम आत्म निर्भर हुने बाटोमा जानु श्रेयस्कर हुन्छ । सौर्य ऊर्जालाई जति बढावा दिनुपर्ने हामीले दिन सकेका छैनौं । कुनै पनि विषयमा निरन्तर लागिरहने संस्था र व्यक्तिको नितान्त अभाव छ नेपालमा ।

यी त भए केही समय लाग्ने विषय । आगामी शनिबारसम्म जानकारी आएन भने नेपालले भारतबाट बिजुली खरिद गर्न पाउनेछैन । ४ र ५ सय मेगावाटको उपलब्धता त्यति सहज पनि छैन । तर, आत्मनिर्भर बनाउने भनेको संकट र समस्याले हो । यो विषयलाई आत्मसात गर्दै गहन गृहकार्यमा लागेर सम्बन्धित पक्षले आवश्यक पहल लिन जरुरी छ ।

हुन त ऊर्जामन्त्रीले सम्झौता नवीकरण नभए पनि लोडसेडिङको अवस्था आउँदैन भन्नुभएको रहेछ । यो भनाइमा सत्यता रहिरहोस् । हिउँद याममा भारतबाट बिजुली खरिद नगरी नेपालको आन्तरिक माग पूरा हुने अवस्था बन्नु सबै नेपालीका लागि सुखद् समाचार हुनेछ । फेरि नेपालमा बिजुलीको लोडसेडिङ सुरु भएर उज्यालो नेपालका प्रवर्तक कुलमान घिसिंगलगायतको व्यक्तित्वमा लोडसेडिङ हुने दिन नआओस् । यतिमात्र होइन विद्युत् आयात को आशाको दियो निभ्नु भएन । उज्यालो नेपालका लागि सबैमा शुभकामना ।

# हामीलाई चाहिएको प्रजातन्त्र

**कुनै पनि देशका आमनागरिकहरू आफै शासन गर्दछन् या आफुहरूद्वारा चुनिएका प्रतिनिधिमार्फत शासन गर्दछन् तथा शासन प्रक्रियामा नियन्त्रण र प्रभाव कायम गर्दछन् भने त्यस्तो शासन पद्धतिलाई प्रजातन्त्र भनिन्छ । प्रजातन्त्र भन्नु शासन पद्धति मात्रै होइन, व्यवहार कुशलता पनि हो ।**



● ललितकुमार यादव

विश्वमा राज्यहरूको उपस्थिति शासन गर्ने र शासित हुने वर्गको मिश्रणबाट भएको हो । कुनै एक मानव समूह शासक बन्ने बाँकी अरू समूह शासित हुने मानवीय प्रवृत्तिको विकसित रूप राज्य हो । कानुन निर्माण, कानुन प्रयोग र कानुनको व्याख्या गर्ने राज्य संयन्त्रहरू शासनको लागि मुख्य साधनको रूपमा रहेको हुन्छ । तुलनात्मक रूपमा न्यायोचित शासन पद्धतिको नाम प्रजातन्त्र हो । समकालीन विश्वमा प्रजातन्त्र एक अधिकतम स्वीकार्य राजनीतिक पद्धतिको रूपमा रहेको छ । प्रजातन्त्रको अनिवार्य तत्व निर्वाचन हो । जनताले उचित प्रतिनिधि छान्न सके प्रजातन्त्रको विकल्प अरु कुनै व्यवस्था हुन सक्दैन । आज सबै राष्ट्रलाई प्रजातन्त्रको आवश्यकता परेको छ ।

प्रजातन्त्र नेपालमा संस्थागत रूपमा २००७ सालमा सुरु भएको हो । यहाँको प्रजातन्त्रको सुरुवात राणा शासकहरूको १०४ वर्षे लामो वंशीय, जहानियाँ शासनको अन्त्यबाट दबाबपूर्ण सहमति र सम्झौताबाट भएको थियो । सबै देशमा एउटै तरिकाले प्रजातन्त्र आउँदैन, स्थापना हुँदैन । समकालीन विश्वमा प्रजातन्त्र राज्यको शासन सञ्चालन गर्ने एउटा आधारभूत राजनीतिक मापदण्ड बनेको छ । जनताका इच्छा र चाहना बमोजिम सञ्चालन हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्रमा जनताको बोलवालाको कदर गरिन्छ । जनताको मनोभाव बुझेर कार्य गर्ने सरकारलाई नै प्रजातान्त्रिक या बहुदलीय शासन व्यवस्था भनिन्छ । जनभावना बुझेरमात्र शासन गर्ने प्रणाली प्रजातन्त्र नै एक हो ।

प्रजातन्त्र शब्द सुन्दैमा प्रिय लाग्छ । तर, प्रजातन्त्रमा पनि भ्रष्टहरू उच्च ओहोदामा पुगेकाले प्रजातन्त्रप्रति जनतामा केही भ्रमको सिर्जना हुनगएको छ । प्रजातन्त्रलाई आ-आफ्ना स्वार्थमा अनेकार्थी बनाउने कार्यले प्रजातान्त्रिक शासन प्रणाली नै बदनाम हुन पुगेको छ । प्रजातन्त्रमाथि प्रश्न उठ्न थालेको छ । प्रजातन्त्र र प्रजातान्त्रिक शासन प्रणालीको पुनर्परिभाषा आवश्यक रहेको बहस सुरु भएको छ । हुन त विश्वका क्रूर शासकहरूले पनि आफूले लादेको शासन व्यवस्थालाई प्रजातान्त्रिक शासन व्यवस्था भनेर नै दाबी गर्दछन् । यहाँसम्म कि जर्मनीका हिटलरले समेत आफ्नो शासन व्यवस्थालाई अत्यन्त प्रजातान्त्रिक भन्ने गर्थे ।

कुनै पनि देशका आमनागरिकहरू आफैं शासन गर्दछन् या आफूहरूद्वारा चुनिएका प्रतिनिधिमार्फत शासन गर्दछन् तथा शासन प्रक्रियामा नियन्त्रण र प्रभाव कायम गर्दछन् भने त्यस्तो शासन पद्धतिलाई प्रजातन्त्र भनिन्छ । प्रजातन्त्र भन्नु शासन पद्धतिमात्रै होइन, व्यवहार कुशलता पनि हो । यो व्यवहार शासकबाट शासितमा देखिनुपर्छ । प्रजातन्त्रमा नागरिक सर्वोच्चता मात्रै भएर पुग्दैन सुशासनको प्रत्याभूति हुनु अनिवार्य हुन आउँछ । सरकारले गर्ने काममा कानुनीराज र प्रजातान्त्रिक शैली देखिनु अत्यावश्यक रहन्छ । तर, नेपालमा यसको ठीकविपरीत अवस्था देखिन्छ । अनि आमनागरिक भन्ने गर्दछन्, 'पुरानो जहानियाँ शासन फालेर आधुनिक जहानियाँ शासनको सुरुवात गर्न नेताहरूले प्रजातन्त्र ल्याएको हो' ।

प्रजातन्त्रका सम्बन्धमा प्राचीन ग्रीसदेखि विभिन्न मूल्य र मान्यता स्थापित भएर आएको पाइन्छ । नेपाली भाषामा उच्चारण गरिने प्रजातन्त्रको अंग्रेजी उच्चारण 'डेमोक्रेसी' हो । डेमोक्रेसी शब्दको ब्युत्पत्ति ग्रिक भाषाबाट भएको पाइन्छ । तत्कालीन ग्रीसमा अवस्थित नगरराज्य ऐथेन्स र त्यसका शासक वर्गबाट प्रयोग गरिएको शब्दावली 'डेमोक्रेटिया' ग्रिक भाषाको 'डेमोस' र 'क्रेटिया' शब्दको मिश्रित रूप थियो । ग्रिकशब्द 'डेमोस'को अंग्रेजी अर्थ हुन्छ पिपुल र ग्रिक शब्द 'क्रेटिया' को अंग्रेजी अर्थ हुन्छ रुल । ग्रिकशब्द 'डेमोक्रेटियट'को अंग्रेजी अर्थ हुन्छ 'रुल अफ पिपुल' र यसलाई नेपाली भाषामा जनताको शासन भन्न सकिन्छ । प्राचीन ग्रीसमा आजभन्दा करिब २५ सय वर्षपहिले सुरु भएको प्रजातान्त्रिक मान्यता आज विश्वभरि फैलिएको छ ।

प्रजातन्त्र केलाई मान्ने यस विषयमा राजनीतिशास्त्रका विद्वानहरूको बीचमा मतभिन्नता रहेको छ । अब्राहम लिंकन- 'जनताले जनताद्वारा जनताकै लागि गरिने शासन', एरिरस्टोल- 'सरकार र राज्यको बहुसंख्यक जनताको शासन', हेरिडिटस- 'राज्यको सर्वोच्च स्थान जनतामा निहित रहन्छ', अरस्तु- 'प्रजातान्त्रिक सरकार राज्यको बहुसंख्यक जनताको शासन', हेनरी क्युरी-शिष्टता र सभ्य जीवनपद्धति', फ्रेंक-'बहुमत नागरिकहरूको सहमति र सक्रिय सहभागितामा राजनीतिक निर्णय लिइने प्रणाली' । प्रजातन्त्रमा आमनागरिकको इच्छा कानुन बन्दछ । प्रजातन्त्रले कुनै एक व्यक्तिको वा समूहको इच्छा वा आदेशलाई मान्दैन ब' आमनागरिकको इच्छा र चाहनालाई मान्दछ । यसको ठीकविपरीत निरंकुश राजनीतिक प्रणालीमा कुनै एक व्यक्ति वा समूहको स्वेच्छालाई कानुन निर्माण, कानुन प्रयोग र कानुनको व्याख्या गर्ने मूल आधार मानिन्छ । निरंकुशतामा आमनागरिकहरूको इच्छा र चाहनाको कुनै मूल्य हुँदैन ।

> प्रजातन्त्रको समावेशी प्रारूपले सबैको आवाज मुखरित हुने अवसरको सिर्जना गर्दछ । प्रजातन्त्रमा जुन निर्णयले सबैलाई प्रभावित गर्दछ, उक्त निर्णय प्रभावित हुने सबैको उपस्थितिमा गरिनुपर्दछ भन्ने मान्यता राख्दछ । उक्त मान्यता समावेशी प्रारूपको प्रजातन्त्रमा कार्यान्वयन हुने गर्दछ ।

आमनागरिकहरूको इच्छा र चाहना निर्वाचनमा जनमतको माध्यमले प्रकट भएको हुन्छ । यसर्थ प्रजातन्त्रको पर्याय भनेको निर्वाचन पनि हो । आवधिक निर्वाचनको अभावमा प्रजातन्त्रको अस्तित्व रहन सक्दैन् । यद्यपि, आमनागरिकको इच्छा र चाहनाको पहिचान गर्ने माध्यम केलाई बनाउने भन्ने प्रश्न कुनै पनि राजनीतिक प्रणालीका लागि महत्त्वपूर्ण र मुख्य प्रश्न रहेको छ । आमनागरिकको इच्छा र चाहनाको पहिचान गर्ने विभिन्न उपायहरूमध्ये एउटा उत्तम उपाय हो आवधिक निर्वाचन र निर्वाचनमार्फत समाजमा विद्यमान प्रत्येक वर्ग, समुदाय, क्षेत्र र लिंगको राजनीतिमा अनिवार्य सहभागिता ।

यद्यपि कस्तो निर्वाचन प्रणाली प्रजातन्त्रका लागि उपयोगी हुन्छ भन्ने विषय अझै राजनीतिशास्त्रमा बहसको विषय रहेको छ । समाजमा विद्यमान सबै वर्ग, समुदाय, क्षेत्र र लिंगको इच्छ र चाहनाको उचित पहिचान गर्ने सर्वोत्तम निर्वाचन प्रणालीको खोजी वर्तमान आवश्यकता हो । सरकारको अधिकारको स्रोत र सरकार बनाउने प्रक्रियाहरूमा प्रजातन्त्र नाप्न सकिन्छ । प्रजातन्त्रमा सरकारको अधिकारको स्रोत नागरिकहरूको इच्छा र उनीहरूको साझा भलाई गर्ने उद्देश्यमा निहित हुनुपर्दछ । उम्मेदवारहरू मत प्राप्त गर्न स्वतन्त्रतापूर्वक प्रतिस्पर्धा गर्दछन् र हरेक बालिग मतदाताले मत दिने अधिकार पाएका हुन्छन् । जसमा दुई आयाम: प्रतिस्पर्धा र सहभागिता समावेश हुन्छ ।

प्रजातन्त्रमा सीमित सरकारको परिकल्पना गरिएको हुन्छ । सीमित सरकारको अर्थ हुन्छ निर्वाचनको समयमा जनताले दिएको मताधिकारबाट प्राप्त जनमत । जनमतमा नवनिर्वाचित सरकारले गर्ने कार्यकारी, विधायिकी र न्यायिक कार्यहरूको चित्र कोरिएको हुन्छ । जसको सीमाभित्र रहेर काम गर्नु प्रजातान्त्रिक सरकारको कर्तव्य हुन्छ । जनमतको सीमालाई मुख्य आधार मानेर कानुन निर्माण गर्ने, निर्मित कानुनको पालना गर्ने र कानुनको व्याख्या गर्ने निर्धारित सरकारी दायित्व नै सीमित सरकारको अर्थ हुन्छ । प्रजातन्त्रमा स्वेच्छिक र गैरसंवैधानिक क्रिया गर्न निषेध हुन्छ ।

प्रजातन्त्रमा आमजनताहरू राज्यको शासन सञ्चालन प्रक्रियामा सामेल हुनु पर्दछ भन्ने मानिन्छ । अर्थ, परिभाषा र सारको दृष्टिले प्रजातन्त्र एउटै भए तापनि प्रयोग र प्रारूपको दृष्टिले भिन्न छन् । विश्वमा प्रजातन्त्रका लागि विभिन्न प्रारूप प्रतिपादन गरिएका छन् । वेस्टमिनस्टरियल, उदार, सहभागी, समावेशी र अध्यक्षात्मक लगायत विभिन्न प्रारूप प्रजातन्त्रका प्रचलित प्रारूप हुन् । खास गरी नेपालजस्तो राजनीतिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त समाजको सन्दर्भमा राज्यको शासन प्रक्रियामा न्यायोचित सहभागिता गराउने प्रजातन्त्रको समावेशी प्रारूप उपयुक्त तथा सर्वोत्तम हुने देखिन्छ । प्रजातन्त्रका प्रचलित विभिन्न प्रारूपमध्ये कुन प्रारूप अवलम्बन गर्ने भन्ने प्रश्नको एउटै जवाफ प्राप्त हुन कठिन छ ।

अप्रत्यक्ष प्रजातन्त्रमा समाजका सबै वर्ग र समुदायको संलग्नतालाई कसरी अधिकतम उच्च बनाउन सकिन्छ भन्ने प्रश्नको उत्तर निरूपण गर्ने सन्दर्भमा प्रजातन्त्रको समावेशी प्रारूप महत्त्वपूर्ण बनेको पाइन्छ । प्रजातन्त्रको समावेशी प्रारूपले कुनै पनि वर्ग, समुदाय, क्षेत्र र लिंगलाई राज्यको शासन प्रक्रियाबाट बहिष्करण हुनबाट बचाउँछ । समावेशी प्रजातन्त्रले मुख्यत: दुईवटा सकारात्मक काम गर्दछ । पहिलो ऐतिहासिक रूपमा बहिष्करणमा परेको समूहलाई राज्यको शासन प्रक्रियामा सामेल गराउँदछ र दोस्रो उक्त समूहको सामाजिक, आर्थिक तथा राजनीतिक हितको संरक्षण गर्दछ । यस प्रारूपको प्रजातन्त्रले शासन सञ्चालनमा अपनत्वको महसुस गराउँदछ र विद्रोह वा अलगावको राजनीतिक दुर्घटनाबाट राज्य, समाज र मानवजातिलाई सुरक्षित राख्दछ । समावेशी सिद्धान्त समाजलाई उन्नतितर्फ डोऱ्याउने एउटा माध्यम पनि हो ।

प्रजातन्त्रको समावेशी प्रारूपले सबैको आवाज मुखरित हुने अवसरको सिर्जना गर्दछ । प्रजातन्त्रमा जुन निर्णयले सबैलाई प्रभावित गर्दछ, उक्त निर्णय प्रभावित हुने सबैको उपस्थितिमा गरिनुपर्दछ भन्ने मान्यता राख्दछ । उक्त मान्यता समावेशी प्रारूपको प्रजातन्त्रमा कार्यान्वयन हुने गर्दछ । समावेशी प्रारूपको प्रजातन्त्रलाई कार्यान्वयन गर्ने साधनका रूपमा समानुपातिक प्रतिनिधित्वको पद्धति विकास गरिएको छ । यसका माध्यमबाटै विविधतायुक्त नेपाली समाजलाई राज्यको शासन प्रणालीमा प्रतिबिम्बित गर्न सकिन्छ । यो नै प्रजातन्त्रका सबैभन्दा समतामूलक, न्यायोचित र सर्वमान्य प्रारूप हो ।

CMYK

# ओली पक्ष दुईखेमा बाँडियो, गिरी र ढुंगेल अध्यक्षका दावेदार

**हिमालय टाइम्स**

काठमाडौं, १५ चैत




नेकपा एमाले झापाको ११औं जिल्ला अधिवेशन बिहीबारदेखि सुरु भएको छ । शुक्रबारसम्म चल्ने अधिवेशन बिर्तामोडस्थित अग्रसेन भवनमा भइरहेको छ । अधिवेशनको उद्घाटन एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभएको छ । त्यसका लागि ओली बुधबार नै झापा पुग्नुभएको थियो ।

अधिवेशनबाट तीन वर्ष कार्यकालका लागि नयाँ नेतृत्व चयन हुँदैछ । नेकपा एमाले नयाँ नेतृत्वका लागि अध्यक्षमा कार्यवाहक अध्यक्ष प्रेम गिरी र सचिव शिव ढुंगेलले आकांक्षी हुनुहुन्छ । तर, बुधबार साँझ केपी ओली पक्षले पदाधिकारी टुंगो लगाएको एमाले स्रोतले सूचना चुहाएको छ । गोप्य सूचना अनुसार अध्यक्षका बलिया उम्मेदवार ढुंगेलसँग छलफलसमेत नगरी गिरीलाई अध्यक्षमा सर्वसम्मत गरिएको छ ।

अध्यक्षमा गिरी, उपाध्यक्षमा असारु राजवंशी, सचिवमा तुलसी कार्की, उपसचिवमा अनिता कन्दङ्वा र खगेन्द्र नेपालको नाम टुंगो लगाइएको छ । राजवंशी दुवैतर्फका साझा उम्मेदवार हुनुहुन्छ । झापाका शक्ति केन्द्र मानिँदै आउनुभएका देवेन्द्र दाहाललाई समेत बाइपास गर्दै केन्द्रीय सदस्य दीपक कार्कीको योजना अनुसार अध्यक्ष ओलीले उक्त नाममा सहमति गर्न जिल्ला नेताहरूलाई निर्देशन दिनुभएको छ । ती नाममा कार्यकर्ता तहमा चरम असन्तुष्टि रहेको स्वयं एमाले नेताहरूले बताएका छन् ।

एमालेका नेता देवेन्द्र दाहालले समेत कार्कीको योजनालाई रोक्न नसकेको चर्चा छ । एमाले झापाका सचिव ढुंगेललाई कार्कीविरुद्ध वर्षौंदेखि प्रयोग गर्दै आउनुभएका दाहाल अध्यक्षमा गिरीलाई नै स्वीकार गर्ने ठाउँमा पुगेको स्रोतको दाबी छ । दाहाल र कार्की समूह जिल्लाको शक्ति संघर्षमा वर्षौंदेखि विभाजित थियो ।

तर, वर्षौंदेखि साथ दिएका नेताहरूलाई छाडेर दाहाल पनि कार्कीसँग मिल्न पुगेको एमाले झापाका एक नेताले बताए । अध्यक्ष ओलीको निर्देशन अनुसार गिरीलाई अध्यक्ष बनाउने सहमति भइसकेको दाबी गरिएको छ । जिल्लामा सहमति भइसकेको विषयमा आफूहरूलाई जानकारी नभएको गिरी इतर पक्षमा उभिएका नेताहरूले बताउने गरेका छन् ।

कार्कीविरुद्ध उभिनुभएका दाहाल पक्षीय दर्जनौं नेताहरू कार्की क्याम्पमा पुगेका छन् । जिल्लाको शक्ति संघर्षमा दाहाललाई कमजोर बनाउन सफल कार्की समूहको विरुद्ध निर्वाचनमा जान सक्ने सम्भावना प्रवल बनेको बुझिएको छ । बहुमत प्रतिनिधिहरू ढुंगेलको पक्षमा मतदान गर्न तयार रहेको गिरी इतर पक्षको दाबी छ । गिरी पक्ष निर्वाचनमा जान नहुनेमा जोडबल गरिरहेको छ । झापा एमालेको शक्ति संघर्षमा प्रेम गिरी र शिव ढुंगेल दुवैजना देवेन्द्र दाहाल पक्षीय नेता मानिनुहुन्छ । दाहाल ढुंगेललाई पाखा लगाएर गिरीलाई कार्कीको बलमा अध्यक्ष बनाउने रणनीतिमा रहेक बुझिएको छ । भर्खरै केन्द्रीय सदस्यमा मनोनित कार्की त्यसअघिसम्म जिल्ला अध्यक्ष दोहोऱ्याउने तयारीमा हुनुहुन्थ्यो । कार्की अध्यक्षमा दोहोऱ्याउने चर्चा हुँदा गिरी अध्यक्षका आकांक्षी समेत नभएको स्रोतको दाबी छ । कार्की आफू केन्द्रीय सदस्यमा मनोनित भएपछि अध्यक्षमा गिरीलाई अघि सारेको बुझिएको छ ।

निर्वाचनमा जाने मुडमा रहेको गिरी इतर समूह चुनाव जित्नेमा विश्वस्त छ । ढुंगेल विद्यार्थी राजनीति र युवा भएकाले पनि चुनावमा बढी प्रतिनिधिको मत पाउनेमा ढुक्क रहनुभएको छ । तर, अध्यक्ष ओलीको निर्देशन विपरीत जान निक्कै सकस भएको बुझिएको छ । ढुंगेललाई प्रदेश कमिटीमा लगेर मनाउने तयारी भइरहेको छ । तर, ढुंगेलले पहिलादेखि नै त्यो कुरा इन्कार गर्दै आउनुभएको छ ।

---

## लक्ष्मी सनराइज बैंक लिमिटेड
### शाखा कार्यालय, अतरखेल

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

कुमार तेम्बा शेर्पाको नाति, दाजिन्नु शेर्पाको छोरा, नाङ्सु शेर्पिनीको पति, रामेछाप जिल्ला, गुम्देल गा.पा./न.पा. वडा नं. २ भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर गा.पा./न.पा. वडा नं. ८ बस्ने कामी सेर्की शेर्पाको मिति २०८०/०७/११ मा मृत्यु भएको कारण यस बैंक (साबिक सनराइज बैंक) को शाखा कार्यालय अतरखेलमा निज मृतकको खाता नं. ०६२०४०१०८२१४००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती नातापर्ने दाफुल्की शेर्पाको नातिनी, फुरी शेर्पाको छोरी, कामी सेर्की शेर्पाको पत्नी, रामेछाप जिल्ला, गुम्देल गा.पा./न.पा. वडा नं. २ बस्ने जाङ्मु शेर्पिनीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९ बमोजिम निज निवेदक बाहेक अन्य प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भइजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

---

## सुदूरपश्चिम विश्वविद्यालय
## पाटन बहुमुखी क्याम्पस
पाटन, बैतडी

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/१४**

यस कार्यालयबाट मिति २०८०/११/०२ गते प्रथम पटक आह्वान गरेको बोलपत्र सूचना अनुसार **PPMO Website www.bolpatra.gov.np/egp** मा रीतपूर्वक दर्ता भई म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्र सूचना नं | सार्वजनिक निर्माण कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS सहित) |
|---|---|---|---|
| IFB No. M IFB-2080-81-01 | Construction of patan multiple campus school building, Patan-6, Baitadi | श्री प्रकृति कन्सट्रकसन पा.न.पा. ०६, बैतडी | ६४,४०,२०९/८६ |

क्याम्पस प्रमुख
विनोद भण्डारी

---

*Bagmati Province Government*
*Ministry of Physical Infrastructure Development*
***Transport Infrastructure Directorate***
## *Infrastructure Development Office*
***Chautara, Sindhupalchok, Nepal***

### Invitation for Bids

**Re-Invitation for Bids No: IDOSIN/NCB/W/42/2080-81**
**First Date of publication: - January 19, 2024**
**Date of publication: - March 29, 2024**

1. ***The Government of Bagmati Province has allocated funds*** towards the cost of ***Construction Jhyanku Khola Pakki Bridge, Gaurishankar Ga.Pa. dolakha Along sitakothan Jubu Gaurishankar Gaupalika Road.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Infrastructure Development Office, Chautara, Sindhupalchok*** invites electronic bids from eligible bidders for the construction of ***Construction Jhyanku Khola Pakki Bridge, Gaurishankar Ga.Pa. dolakha Along sitakothan Jubu Gaurishankar Gaupalika Road***. Having Length 30.6 m, span 1*30 m, Carriageway width 7.2 m, Footpath 0.6 m on both side and Total width 7.2 m and retaining structure (Stone masonry, Plum Concrete wall, Gabion Wall), slope protection works and bio engineering works. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.Only eligible bidders with the following key qualifications should participate in this bidding:-Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 69 million*** , Minimum Work experience of similar size and nature: ***At least one number of Road Bridge project with value of project at least NRs 42 Million***
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Name: Infrastructure Development Office, Sindhupalchok, Location: -Chautara, Kavre, Email Address:- idoSindhupalchok@gmail.com, Telephone:-011-620159, 011-620162*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 5,000.00 of bidding document in the office's Rajaswa (revenue) account as specified below and and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids **Information to deposit the cost of bidding document in Bank:** Name of the Bank: Name of the Bank: Nepal Bank Ltd., Account Name: Ko Le Ni Ka Ekal Rajaswa Khata, Name of the Office: -Infrastructure Development Office, Sindhupalchok Office Code No. : 3370127013 Office Account No. : 27202000001001000001 Revenue Head No. : 14229
5. Pre-bid meeting shall be held at ***Infrastructure Development Office, Sindhupalchok, Chautara, Kavre,*** at **2 PM, April 3, 2024.**
6. electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 o'clock*** on ***April 14,2024***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on ***April 14,2024***, at the office of ***Infrastructure Development Office, Sindhupalchok, Chautara,***. Bids must be valid for a period of ***[90 days]*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Nrs. 1.72 Million**, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e., August 12, 2024)***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## कान्ति बाल अस्पताल
महाराजगञ्ज, काठमाडौं

### शिलबन्दी दरभाउपत्र प्रकाशित गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।१२।१६**
**बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति : २०८१।०१।०२**

१. यस अस्पतालबाट देहायका कार्यका लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोले विद्युतीय माध्यमबाट मात्र शिलबन्दी दरभाउपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नम्बर | कामको विवरण | जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | KCH/SQ/080/81/01 | Supply and delivery Of Medical Goods | रु.१,२६,०००।- | रु.१,०००।- |

२. बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ ।

निर्देशक

---

## दुधौली नगरपालिका
## दुधौली नगर अस्पताल, सिर्थौली
दुधौली न.पा., सिर्थौली, सिन्धुली

### सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७९/१२/१६)

प्रस्तुत विषयमा यस दुधौली नगर अस्पताल, सिर्थौलीमा रिक्त रहेको तपशिल बमोजिमको पदका लागि दुधौली नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार निम्न पदहरुमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | विज्ञापन नं. | पद | माग पद संख्या | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|
| १ | ०८०/०८१/०३ | एम.डि.जि.पि. अधिकृत नवौं | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MDGP उत्तिर्ण गरेको | |
| २ | ०८०/०८१/०४ | वि.एम.एल.टी. | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तिर्ण गरेको | |

१. दरखास्त दिने स्थान : दुधौली नगर अस्पताल, प्रशासन शाखा ।
२. दरखास्त दस्तुर : रु. १,०००।-
३. सेवा सुविधा : समितिको निर्णय अनुसार ।
४. परिक्षाको किसम : अन्तरवार्ता ।

---

## Shuklagandaki Municipality
Office of the Municipal Executive
Dulegaunda, Tanahun
Gandaki Province, Nepal

**Invitation for only Electronic Bids**

First Date of publication: 2080/12/16

1. The ***Shuklagandaki Municipality*** invites only electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shuklagandaki Municipality, Office of the Municipal Executive, Dulegaunda, Tanahun or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

**Project Description:**

| S. N. | Name Of the Project | Contract Identification No. | Estimated amount NRs (Exclusive VAT and PS Item) | Bid Security Amount NRs. | Bid Price NRs. | Last Date Of Submission |
|---|---|---|---|---|---|---|
| 1 | Upgradation of 6 No Ward Office Building, Shuklagandaki-06, Khairenitar, Tanahun | 23/NCB/WORKS /SMC/2080-081 | 28,07,866.74 | 71,000.00 | 3,000 | 2081/01/16 |

**Chief Administrative Officer**

---

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
बाग्लुङ

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/१२/१६)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा प्रकाशित निम्न बमोजिम बोलपत्र आह्वान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावका शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/१२/२३ गते दिनको ०१:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु | ठेगाना |
|---|---|---|---|---|
| 1 | IDOBAGLUNG/ NCB/W/B/02/080-81 | Construction of Ranibashghat Bridge, Tarakhola, Baglung | Deepdarshan-Green Tara JV, | Buddhanagar-10, Kathmandu |
| | | | Himshikhar Hira Construction Pvt. Ltd. | Kathmandu - 10, New Baneswer |
| | | | Kamal Nirman Sewa | Sandhikharka - 1 Arghakhanchi Lumbini Province |
| | | | MY/New Gorakh J.V. | Galkot-3, hatiya |
| 2 | IDOBAGLUNG/ NCB/W/B/057/2080/81 | Construction of Rumta Khola Motorable Bridge, Jaimini 9 & 10 | Suryodaya Construction Pvt.Ltd. | Kushma municipality 04, parbat |
| | | | Suyan Builders Pvt.Ltd. | Waling Municipality-9, Syangja |

**कार्यालय प्रमुख**

Local Government

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

Nawalpur , Sindhupalchok

Bagmati Province, Nepal

**INTENTION TO AWARD**

**Date of Publication : 2080/12/16**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Aarthik National Daily' date 2080/11/08.

| S. N. | Contract No. | Name of Work | Name and Address of Bidder | Bid Price (Including VAT ) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/ NCB/080/081-13 | Construction works of Rajkumar Smriti Lift water supply project ward no. 3 | M/S Shinmati Construction and Suppliers, Indrawati - 3 Sindhupalchok. | NRs. 24,49,350.20 |
| 2 | IRMSI/W/ NCB/080/081-14 | Construction works of Basic Level Healthpost Building at ward no. 6 | M/S Nirmal Construction clean services Pvt. Ltd. Kathmandu-14 | NRs. 32,31,445.70 |
| 3 | IRMSI/W/ NCB/080/081-15 | Construction works of Basic Health Center at ward no. 5 | M/S D.S. Engineering Pvt.Ltd., Melamchi-11, Sindhupalchok | NRs. 31,11,607.64 |
| 4 | IRMSI/W/ NCB/080/081-16 | Construction works of Basic Level Healthpost Building at ward no. 3 | M/S Alan Nirman Sewa, Indrawati-1, Sindhupalchok | NRs. 29,16,334.84 |
| 5 | IRMSI/W/ NCB/080/081-17 | Construction works of Quarte Building of Nawalpur Primary Hospital at ward no. 4 | M/S Nirmal Construction clean services Pvt. Ltd., Kathmandu-14 | NRs. 31,61,167.86 |

**Chief Administrative Officer**


# केजरीवालको हिरासत बसाई लम्बियो



**काठमाडौं/हिटा ।** भारतको दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई त्यहाँको एक अदालतले थप पाँच दिन हिरासतमा राख्न अनुमति दिएको छ । यसअघि अदालतले उनलाई दश दिन हिरासतमा राख्न अनुमति दिएको थियो । सो म्याद बिहीबार सकिएको थियो । केजरीवाललाई मदिराको नीतिमा घोटाला गरेको भन्दै भारतको प्रवर्तन निर्देशनालय (ईडी) ले पक्राउ गरेको हो । अदालतले केजरीवाललाई थप पाँच दिन ईडीको हिरासतमा राख्न अनुमति दिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

बिहीबार अदालतमा केजरीवालले आफूलाई किन पक्राउ गरिएको हो भन्दै प्रश्न गरेका थिए । तर, ईडीका अधिकारीहरूले सोधपुछमा केजरीवालले सहयोग नगरेको बताएका थिए । यसैबीच, केजरीवाललाई मुख्यमन्त्रीबाट हटाउन भन्दै दिल्ली उच्च अदालतमा दायर रिट खारेज भएको छ । केजरीवालले हिरासतबाटै सरकार चलाइरहनुभएको छ ।

लोकसभा चुनाव घोषणा भइसकेको स्थितिमा विपक्षी नेताहरूमध्येका बलिया र चर्चित व्यक्ति केजरीवालको गिरफ्तारीले विपक्षी गठबन्धनलाई धक्का पुग्ने बताइएको छ । १९ अप्रिलबाट १ जुनसम्म सात चरणमा भारतमा लोकसभाको १८औं चुनाव हुँदै छ । देश चुनावमा होमिएका बेला विपक्षी गठबन्धन 'इण्डिया' का एकजना प्रभावशाली नेता केजरीवाल पक्राउ परेका हुन् । दुई महिनाको अन्तरालमा भ्रष्टाचारको आरोपमा पक्राउ पर्नेमा केजरीवाल विपक्षी गठबन्धनका दोस्रो बहालवाला मुख्यमन्त्री हुन् । झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनलाई ईडीले केही समय अगाडि उनको राँचीस्थित सरकारी निवासबाटै नियन्त्रणमा लिएको थियो । सन् २०११ मा भारतमा तरंग ल्याउने गरी सन् २०११ मा भ्रष्टाचारविरोधी अभियान सुरु गरेका केजरीवालको गिरफ्तारी देशमा संसद्को निर्वाचनको मिति घोषणा भइसकेपछि भएको छ ।

सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई चुनौती दिँदै २७ वटा दलले निर्माण गरेको 'इण्डिया' गठबन्धनमा आप पनि सहभागी छ । नयाँ दल भए पनि एक दशकभन्दा केही बढी समयमा आप एउटा बलियो शक्तिका रूपमा स्थापित भएको थियो । उसले सन् २०१३ यता दिल्लीमा विधानसभाको चुनावमा एकपछि अर्को सफलता हासिल गरेको छ, अनि संघीय सरकारविरुद्ध असन्तुष्टि रहेको पञ्जाबमा पनि आफ्नो प्रभाव विस्तार गरेको छ । आपले आगामी निर्वाचनमा दिल्लीका सातवटा संसदीय क्षेत्रमध्ये चारवटामा प्रतिस्पर्धा गर्न लागेको छ । सन् २०१९ मा उसले सबै सात सिटमा बीजेपीसँग हार खेपेको थियो । तर, सन् २०२० मा विधानसभाको निर्वाचनमा दिल्लीका ७० मध्ये ६२ सिट जितेको थियो । सोरेनमाथि सरकारी जमिन खरिद बिक्रीमा भ्रष्टाचार गरेको आरोप छ ।

मदिरासम्बन्धी नीति ल्याएर भ्रष्टाचार गरेको आरोपमा ईडीले केही समयदेखि केजरीवाललाई सोधपुछका लागि बोलाउँदै आएको थियो । एक साताअगाडि मात्रै ईडीले केजरीवाललाई १०औं पटक बोलाएको थियो । तर, दिल्लीका मुख्यमन्त्री केजरीवाल ईडीको विरुद्ध दिल्ली उच्च अदालत जानुभएको थियो । तर, अदालतले बयानका लागि जान नपर्ने केजरीवालको माग अस्वीकार गरेपछि ईडीका अधिकारीहरू गत बिहीबार केजरीवालको गिरफ्तारीको तयारीसहित उहाँको निवास पुगेका थिए । मदिरासम्बन्धी नीति ल्याएर दिल्ली सरकारले भ्रष्टाचार गरेको आरोपमा दिल्लीका उपमुख्यमन्त्री मनीष सिसोदिया र राज्यसभा सांसद सञ्जय सिंह यसअघि नै हिरासतमा छन् । दिल्ली सरकारले तीन वर्षअघि मदिरा बिक्रीसम्बन्धी नयाँ नीति ल्याएको थियो । त्यही नीतिलाई दिल्लीमा विपक्षीको भूमिकामा रहेको भारतीय जनता पार्टीले 'नीति घोटाला' भन्दै केजरीवाल सरकारलाई घेर्दै आएको छ । २०२१ अगाडि दिल्लीमा मदिराको बिक्रेतामा ६० प्रतिशत सरकारी र ४० प्रतिशत निजी कारोबारी थिए । तर, केजरीवाल सरकारले नयाँ नीति ल्याएर मदिरा बिक्री वितरणको सम्पूर्ण जिम्मा निजी क्षेत्रलाई दिएको थियो ।

यही प्रकरणमा दिल्ली सरकारमाथि सय करोडभन्दा बढी भ्रष्टाचार गरेको आरोप छ । त्यसमा भ्रष्टाचारको आरोप र विवाद बढेपछि केजरीवाल सरकारले एक वर्षपछि उक्त नीति फिर्ता लिएको थियो । ईडीले सोही प्रकरणको छानविन गर्दै आएको छ । मुख्यमन्त्री केजरीवाल र आम आदमी पार्टी (आप) ले भने ईडीको कारबाहीलाई भाजपा निर्देशित भएको आरोप लगाउँदै आएका छन् । भाजपा नेतृत्वको केन्द्रीय सरकारले सरकारी जाँच एजेन्सीका अन्य दल र नेताविरुद्ध प्रयोग गरेको आरोप लगाएका छन् । चुनावभन्दा अगाडि विपक्षी पार्टीको आवाज कमजोर गर्न भाजपाले षड्यन्त्र गरिरहेको आपका नेताहरूले बताएका छन् । यसैबीच केजरीवालका गुरु अन्ना हजारेले पनि उनको गिरफ्तारीबारे बयान दिइसकेका छन् । आफ्नो बयानमा केजरीवालका गुरु भनिने अन्ना हजारेले केजरीवालले आफ्नो कर्मको सजाय भोगिरहेको बताएका छन् । मदिरा नीतिका कारण यो सबै भएको अन्नाले बताएका छन् । 'केजरीवालले मसँगै मदिराको विरुद्धमा आवाज उठाउनुहुन्थ्यो तर अहिले मदिरामा नीति बनाइरहेका छन्,' उनले भने । अन्नाले आफ्नो गाउँ रालेगन सिद्धिबाट जारी गरेको विज्ञप्तिमा केजरीवालजस्ता व्यक्तिले आफूसँग काम गरेकोमा दुःख लागेको बताएका छन् ।

## मिलन चाम्स निर्देशित 'अञ्जिला' माघमा

**काठमाडौं/हिटा ।** मिलन चाम्स निर्देशित चलचित्र 'अञ्जिला' माघमा आउने भएको छ । महिला राष्ट्रिय फुटबल टिमकी गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनबाट प्रभावित चलचित्र 'अञ्जिला' २०८१ माघ ११ गतेदेखि देशभरका सिनेमाघरमा आउने भएको हो । चलचित्रमा एञ्जिला स्वयंको मुख्य भूमिका छ । चलचित्रमा उहाँसँगै दयाहाङ




राई, मिरुना मगर, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङ, विजय बराल, हरि खड्कालगायतको अभिनय छ । निर्माता प्रेमकुमार श्रेष्ठको पनि यस चलचित्रमा प्रमुख भूमिका छ । चलचित्र एञ्जिलाको बायोपिक भने नभएको निर्देशक चाम्सले बताउनुभयो । ७५ प्रतिशत एञ्जिलाकै जीवनी हुने तर बायोपिक भने नहुने उहाँले बताउनुभयो ।


लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

कोशी प्रदेश

**आर्थिक प्रस्ताव खोल्ने आशयको सार्वजनिक सूचना**

सूचना प्रकाशित मितिः २०८०/१२/१६

यस नगरपालिकाबाट मिति २०८०/११/१४ मा RFP No.: LM/MOR/CONS/080-81/01, LM/MOR/CONS/080-81/02, र LM/MOR/CONS/080-81/03 को लागि प्रस्ताव आव्हानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा मिति २०८०/११/२९ दिउसोको १२ बजे सम्ममा प्राप्त परामर्शदाताहरुको प्रस्तावको सार्वजनिक खरिद नियमावली २०६४ को दफा ७६ र ७७ बमोजिम प्राविधिक प्रस्तावको मुल्यांङ्कन गर्दा तपसिल बमोजिमको प्रस्तावहरु प्राविधिक मुल्यांङ्कनमा उतीर्ण भएकाहरुको सार्वजनिक खरिद नियमावली २०६४ को दफा ७८(१) बमोजिम निम्न मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकाले सम्वन्धित प्रस्तावदाताको प्रतिनिधि उपस्थित भइदिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै उतीर्ण नभएका प्रस्तावदाताले आफ्नो आर्थिक प्रस्ताव फिर्ता लिन चाहेमा निवेदन पेश गरि फिर्ता लिन सकिने वेहोरा अवगत गराईन्छ।

**खोलिने मितिः २०८०/१२/२३** **समयः दिउसो १:०० बजे** **स्थानः लेटाङ नगरपालिकाको कार्यालय**

तपसिल **(अंग्रेजी बर्णानुक्रम अनुसार):**

| SN | RFP No. and Project title | Name of qualified firm |
|---|---|---|
| 1 | **LM/MOR/CONS/080-81/01** Preparation of Municipal Transport Master Plan (MTMP) of Letang Municipality | 1. Abhiyantra Consulting Pvt. Ltd. |
| | | 2. Benchmark Consultants & Lab Pvt. Ltd. |
| | | 3. BMS Nepal Pvt. Ltd. |
| | | 4. Pass Consultant Pvt. Ltd. |
| | | 5. Picasso Consultant Pvt. Ltd. |
| | | 6. Platform Engineering Construction and Consultancy Pvt. Ltd. |
| | | 7. Sarthak Engineering consultancy Pvt. Ltd. |
| | | 8. Vumi Engineering Consortium |
| 2 | **LM/MOR/CONS/080-81/02** Detailed Engineering Survey, Design, Drawing and Cost Estimate of Rajarani-Aarubote road at Letang Municipality | 1. Aarambha Engineering Consultancy (P) Ltd |
| | | 2. Benchmark Consultants & Lab Pvt. Ltd. |
| | | 3. Dynamic Resource Management Services Pvt. Ltd |
| | | 4. Eagles Solutions Pvt. ltd. |
| | | 5. Group of Engineers Consortium Pvt. Ltd. |
| | | 6. Pass Consultant Pvt. Ltd. |
| | | 7. Platform Engineering Construction and Consultancy Pvt. Ltd. |
| | | 8. ProDesk Engineering Inc. Pvt. Ltd |
| | | 9. Ripple Training and Consulting Service Pvt. Ltd Kathmandu |
| 3 | **LM/MOR/CONS/080-81/03** Preparation of Tourism Development Master Plan for Letang Municipality, Morang | 1. BMS Nepal Pvt. Ltd. |
| | | 2. Intensive Study and research Centre Pvt. Ltd |
| | | 3. Picasso Consultant Pvt. Ltd. |
| | | 4. Spiral Grid Solution Pvt. Ltd. |

प्रमुख प्रशासकीय अधिकृत



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय कञ्चनपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/१२/१६ गते हिमालय टाइम्स)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय कञ्चनपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचीकृत गर्ने समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने** व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कञ्चनपुरमा दर्ता नं.७६/०७५ कायम भई मिति २०७८/०५/१५ मा दर्ता भई कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. ०४ मा अवस्थित **ज्योती निर्माण सेवा ।** **प्रोप्राईटर - गोपाल सिंह गुरुङ** | १. **निर्मला कुमारी बुढाथोकी**को नाममा मालपोत कार्यालय, महेन्द्रनगर कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १८ स्थित कित्ता नं. ४०६३ को जग्गा क्षेत्रफल ५४८.२४ व.मी जग्गा तथा सोको सम्पूर्ण निर्माणहरु समेत । |

२. कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) र ऋणी **ज्योती निर्माण सेवा** कायम रहेको तपसिल बमोजिमको सवारी साधनहरु

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात व्यवस्था कार्यालय |
|---|---|---|---|---|
| बा २ क ८९२६ | HAR3DXSUE 2580130 | H00159960 | JCB 3DX Super BACKHOE LOADER | बागमति प्रदेश यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुर |
| म १ क २६७ | MAT388116J2R17964 | 81G63715195 | SK1613TC/36 | महाकाली अञ्चल यातायात व्यवस्था कार्यालय |
| म १ क २६६ | MAT388116J2R17932 | 81G63715044 | SK1613TC/36 | |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **गोपाल सिंह गुरुङ** ना.प्र.नं.: ५१३५/७८४ जारी मिति : २०४५/०६/२१, जि.प्र.का. कञ्चनपुर बाबु : गगन सिंह गुरुङ बाजे : महावीर गुरुङ पत्नी: निर्मला कुमारी बुढाथोकी स्थायी ठेगाना: महेन्द्रनगर न.पा.वडा नं. ०४, कञ्चनपुर हालको ठेगाना: कञ्चनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.०४ (साबिक महेन्द्रनगर न.पा. वडा नं. ०४) | २. **निर्मला कुमारी बुढाथोकी** ना.प्र.नं.: २०५१३/३४८ जारी मिति : २०३६/०२/१३, जि.प्र.का. कञ्चनपुर पति: गोपाल सिंह गुरुङ बाबु : किशन सिंह बुढाथोकी बाजे : चित्र सिंह बुढाथोकी ससुरा: गगन सिंह गुरुङ स्थायी ठेगाना: महेन्द्रनगर न.पा.वडा नं. ०४, कञ्चनपुर हालको ठेगाना: कञ्चनपुर जिल्ला, भिमदत्त न.पा.वडा नं.०४ (साबिक महेन्द्रनगर न.पा.वडा नं. ०४) |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय कञ्चनपुर फोन नं.०९९-५२१९६५/०९९-५२४८४४

# एमेच्योर सद्भावलाई उपाधि, प्रो भुवन सात स्ट्रोकले पराजित

**हिमालय टाइम्स**
काठमाडौं, १५ चैत

प्रोफेसनल गल्फर भुवन नगरकोटीलाई सात स्ट्रोकको फराकिलो अन्तरमा हराउँदै एमेच्योर सद्भाव आचार्यले सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत छैटौं प्रतियोगिता, सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपको उपाधि जित्नुभएको छ । अन्तिम दिन ३-अण्डर ६९ को स्कोरसहित समग्रमा १४-अण्डर २७४ सहित सद्भावले तेस्रोपटक टुरको प्रो र एमेच्योर दुवैतर्फको उपाधि आफ्नो नाममा लेखाउनुभयो । यो सिजन उहाँले जित्नुभएको यो दोस्रो उपाधि हो । जारी सिजन दुई उपाधि जित्ने उहाँमात्रै हुनुहुन्छ । यसअघि उहाँले यो सिजन सूर्य नेपाल सेन्ट्रल ओपन र गत सिजन सूर्य नेपाल च्यालेन्जको उपाधि जित्नुभएको थियो ।

अन्तिम १८ होलको सुरूवातमा प्रो भुवन र सद्भावबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिए पनि भुवनले ३-ओभर ७५ को खराब प्रदर्शन गर्नुभयो । समग्रमा ७-अण्डर २८१ सहित दोस्रो हुनुभयो । प्रोतर्फ भने उहाँ पहिलो हुँदै एक लाख ४० हजार हात पार्न सफल हुनुभयो । एमेच्योर खेलाडीहरूको दबदबा रहँदा अर्का एमेच्योर विजय श्रेष्ठ आइन्हाउस र प्रो निरज तामाङले संयुक्तरूपमा तेस्रो स्थान बाँड्नुभयो । उहाँहरूले समग्रमा ४-अण्डर २८४ मा खेल पूरा गर्नुभयो । विजयले १-अण्डर ७१ र निरजले २-अण्डर ७० को प्रदर्शन गर्नुभयो । प्रोतर्फ दोस्रो हुनुभएका निरजले ९६ हजार प्राप्त गर्नुभयो ।

समग्रमा इभन-पार २८८ मा खेल सक्नुभएका दिनेश प्रजापती प्रोतर्फ तेस्रो हुनुभयो । उहाँले बिहीबार ३-ओभर ७५ मा खेल पूरा गर्नुभयो । तेस्रो हुनुभएका उहाँले ७२ हजार नगद हात पार्नुभयो । यसैगरी समग्रमा ४-ओभर २९२ सहित सञ्जय लामा र धनबहादुर थापाले प्रोतर्फ संयुक्तरूपमा चौथो स्थान बाँड्नुभयो । सञ्जयले २-ओभर ७४ र धनले १-अण्डर ७१ को स्कोर निकाल्नुभयो । उहाँहरूले जनही ५४ हजार पाँच सय नगद पुरस्कार प्राप्त गर्नुभयो ।

रवि खड्काले बिहीबार २-ओभर ७४ को स्कोरसहित समग्रमा ५-ओभर २९३ सहित छैटौं स्थानमा प्रतियोगिता पूरा गर्नुभयो । छैटौं हुनुभएका उहाँले ४२ हजार पाँच सय नगद पुरस्कार प्राप्त गर्नुभयो । यसैगरी समग्रमा ७-ओभर २९४ सहित रामे मगर र भुवनकुमार रोक्काले संयुक्तरूपमा सातौं स्थान बाँड्नुभयो । दुवैले २-ओभर ७४ मा खेल पूरा गर्नुभयो । उहाँहरूले जनही ३७ हजार २५० नगद हात पार्नुभयो ।

धरानका दुई प्रो युवराज भुजेल र बलभद्र राईले समग्रमा ११-ओभर २९९ सहित नवौं स्थान बाँड्दा जनही ३२ हजार नगद हात पार्नुभयो । युवराजले ८-ओभर ८० र बलभद्रले ४-ओभर ७६ मा खेल पूरा गर्नुभयो ।

प्रो भुवन र सद्भावबीच बिहीबार खेलको सुरुवात गर्दा सद्भावसँग मात्र एक स्ट्रोकको अग्रता रहेको थियो । तेस्रो होलमा भुवनले बर्डी प्रहार गर्दै खेल बराबरीमा ल्याउनुभएको थियो । तर, छैटौं होलमा भुवनले बोगी प्रहार गर्दा सद्भावले एक सट बचाउनुभयो । छैटौं होलको समाप्तिमा सद्भावले दुई स्ट्रोकको अग्रता बनाउनुभयो । टर्निङ प्वाइन्ट भने सातौं होल बन्यो ।

भुवनको दोस्रो सट पोखरीमा खस्यो । त्यहाँबाट हानेको प्रहार पुनः पानीमै पुग्यो । र, उहाँले यो होलमा डबल बोगी खेप्दा सद्भावले चार स्ट्रोकको अग्रता बनाउनुभयो । यसपछि आठौं र नवौं होलमा फेरि एक-एक सट गुमाउँदा भुवनले फ्रन्ट नाइन ४-ओभर ४० मा पूरा गर्नुभयो । सद्भावले १-अण्डर ३५ मा फ्रन्ट नाइन पूरा गर्नुभयो । फ्रन्ट नाइन सकिँदा सद्भावले भुवनलाई ६ स्ट्रोकले पछि पारिसक्नुभएको थियो ।

बोगीरहित खेल्नुभएका सद्भावले १२औं र १७औं होलमा बर्डी प्रहार गर्नभयो र ब्याक नाइन २-अण्डर ३४ मा पूरा गर्नुभयो । यसरी सहजै सद्भाव च्याम्पियन बन्दै फेरि एकपटक प्रो गल्फरहरूलाई माथ दिन सफल रहनुभयो । लगातार तीन दिनका लिडर भुवनले अन्तिम दिन संघर्ष गर्नुभयो र ब्याक नाइन १-अण्डर ३५ मा पूरा गर्नुभयो । १३औं, १४औं र १८औं होलमा बर्डी प्रहार गर्नुभयो भने १५औं र १६औं होलमा एक-एक सट बचाउनुभयो । यसरी भुवनले समग्रमा दोस्रो र प्रोतर्फ पहिलो स्थान प्राप्त गर्नुभयो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१२/१६**

**ग्लोबल म्यानपावर सोलुशन्स् प्रा.लि.**को मिति २०८०/१०/०८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अम्बे इन्टरनेशनल एच.आर. नेपाल प्रा.लि., अंग्रेजीमा (Ambe International H.R. Nepal Pvt. Ltd.) (प्रा.लि. नं.: ३१६११२)** कायम गर्ने गरी मिति २०८०/१२/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/०४

**गेट भोकेशनल प्रा. लि. (६५११७/०६६/०६७)** को मिति २०८०/०९/२७ गतेको वार्षिक साधारण सभाले कम्पनीको नाम परिवर्तन गरी **गेट पोलिटेक्निक एकेडेमी प्रा. लि.** कायम गरेको र परिवर्तित नामको कम्पनीले नै साविकको कम्पनीले गर्दै आएको कार्य एवं तिर्नु बुझाउनु पर्ने सम्पूर्ण दायित्व वहन गर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/१०/१२ मा नाम परिवर्तनको स्वीकृति प्रदान गरेको हुँदा कम्पनी ऐन, २०६३ बमोजिम सम्बन्धित सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंक बाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/१२/१६**

यस वित्तीय संस्थाको शाखा कार्यालयहरु बाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कलमकर्दाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पतीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **कर्जाको प्रकार : आवास कर्जा**<br>**ऋणीको नाम : भरत हरिजन**<br>बाबु : चन्द्रे बहादुर सार्की<br>बाजे : लाले सार्की<br>ना.प्र.नं. : ४०१००७-९९६५४<br>जारी मिति : २०६७/०६/२०, जि.प्र.का : बाग्लुङ<br>ठेगाना : बाग्लुङ जिल्ला, रायडाँडा गा.वि.स. वडा नं. ०१, को परिवर्तित बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ११ ।<br>हाल : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. १६ । | **व्यक्तिगत जमानिकर्ता : चन्द्रे ब. शार्की**<br>बाबु : लाले शार्की<br>बाजे : तिले बहादुर सार्की<br>ना.प्र.नं. : ४०२/१२९१<br>जारी मिति : २०४४/१०/१९, जि.प्र.का : बाग्लुङ<br>ठेगाना : बाग्लुङ जिल्ला, रायडाँडा नगर/गा.प. वडा नं. ०१ को परिवर्तित बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ११ । |
| **व्यक्तिगत जमानिकर्ता : बबिता सार्कि**<br>बाबु : बिरे सार्कि<br>पती : चन्द्रे सार्की<br>ना.प्र.नं. : ४०१०२४/११५९४<br>जारी मिति : २०५५/१२/२३, जि.प्र.का : बाग्लुङ<br>ठेगाना : बाग्लुङ जिल्ला, रायडाँडा गा.वि.स./उ.म.न.पा. वडा नं. ०१, को परिवर्तित बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ११ । | **व्यक्तिगत जमानिकर्ता : कमल सिंजाली**<br>बाबु : टेक बहादुर सिंजाली<br>बाजे : तुल बहादुर सिंजाली<br>ना.प्र.नं. : ३९२०२४/४५३६०<br>जारी मिति : २०६६/०६/२२, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल गा.वि.स./उ.म.न.पा. वडा नं. ११, को परिवर्तित रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ०९ ।<br>हाल : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०३ । |
| **२. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **कर्जाको प्रकार : आवास कर्जा**<br>**ऋणीको नाम : बेउमान चलह लिम्बु**<br>बाबु : गम्ब जित लिम्बु<br>बाजे : जम बहादुर लिम्बु<br>ना.प्र.नं. : ०११०५५/९३<br>जारी मिति : २०५५/०८/१३, जि.प्र.का : ताप्लेजुङ<br>ठेगाना : ताप्लेजुङ जिल्ला, सीवा गा.वि.स./उ.म.न.पा. वडा नं. ०३, को परिवर्तित ताप्लेजुङ जिल्ला, मिक्वाखोला गा.पा. वडा नं. ०४ ।<br>हाल : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. न.पा. वडा नं. ०८ । | **व्यक्तिगत जमानिकर्ता : कल्पना साँवा (लिम्बु)**<br>बाबु : चन्द्रमान लिम्बु<br>पति : बेउमान चलह (लिम्बु)<br>ना.प्र.नं. : ०१-०१-७२-००८४६<br>जारी मिति : २०७२/०४/२५, जि.प्र.का : ताप्लेजुङ<br>ठेगाना : ताप्लेजुङ जिल्ला, सीवा गा.वि.स. वडा नं. ०३, को परिवर्तित ताप्लेजुङ जिल्ला, मिक्वाखोला गा.पा. वडा नं. ०४ ।<br>हाल : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. न.पा. वडा नं. ०८ । |

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय काठमाडौं

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/१६**

यस कार्यालयबाट मिति २०८०/११/०२ गते हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिलमा उल्लिखित ठेक्का नम्बर र कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यको लागि रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कनसमितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि पेश भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागि जारी गरिएको छ ।

| सि. नं. | खरीद नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र P.S. बाहेक) रु. |
|---|---|---|---|---|
| 1. | DCOKTM/PLPP/080/81/02 | Public Land Protection Work at Ramailo Danda of Tarkeshwor Municipality-01, Kathmandu | Tinbhai Construction and Suppliers Pvt. Ltd, Baneshwor | 13,88,020.00 |
| 2. | DCOKTM/RW/080/81/07 | Various Road Improvement Works at Various Places of KMC-03 & 15, Kathmandu | Chapur Nirman Sewa,Tokha-08, Baniyatar | 64,22,789.17 |
| 3. | DCOKTM/RW/080/81/18 | Various Road Improvement Work at Chasmane Chowk to East North Road | Ghising Nirman Sewa, Mahalaxmi Na.Pa-04 | 10,66,590.00 |
| 4. | DCOKTM/RW/080/81/17 | Various Road Improvement Works in Kirtipur Municipality-03, Kathmandu | Suji Nirman Sewa, Gorakhkali-01, Gorkha | 9,54,370.00 |
| 5. | DCOKTM/RW/080/81/16 | Labu Dubu-Chobali Sadak Improvement Works & Tokha Chandeshwori Hospital Park Development Work at Tokha Municipality-02 | Flyover Construction and Suppliers, Buddhanagar, Kathmandu | 21,19,239.00 |
| 6. | DCOKTM/RW/080/81/03 | Sahayoginagar Park & Big Mati Kinara Park Development Works at KMC-32 | Anjesh Nirman Sewa, Kathmandu | 22,49,350.00 |
| 7. | DCOKTM/PLPP/080/81/15 | Shere Kholsa Road Improvement Works at KMC-14 | Maharjan Nirman Sewa, Kirtipur-8 | 13,82,960.00 |

प्रदेश सरकार
खानेपानी,सिचाई तथा उर्जा मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितीः २०८०।१२।१६

यस कार्यालयले तपशिलमा उल्लेखित खरिद कार्यको लागि मिती २०८०।११।०६ मा राष्ट्रिय दैनिक पत्रिका नेपाल समाचारपत्र मा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्र दाता | स्वीकृत रकम मु.अ.क. सहित रु. |
|---|---|---|---|---|
| 1 | wssdo/sunsari/deepboring/dharan/08-080/81 | Construction of Deep Boring at Dharan Sub-Metropolitian Wsp | Shreeman Drilling and Construction Pvt.Ltd,Bharatpur-10,Chitwan | 15145909.8 |
| 2 | wssdo/sunsari/kanepokhari-7/deepboring/09-080/81 | Construction of Deep Boring at Kanepokhari 7 | Reshma Deep Boring Tubewell Udyog,Biratnagar-4,Morang | 1353740.0 |
| 3 | wssdo/sunsari/haraicha/oht/10-080/81 | Construction of 450m3 of OHT of Haraicha wsp | Pudasai-pathibhara j/v ,Biratnagar-08,Morang | 13842271.33 |

# Phalgunanda Rural Municipality
## Office Of Rural Municipal Executive
Phaktep, Panchthar
Koshi Province , Nepal

## Invitation For Sealed Quotation

***1st Date of publication: 2080-12-16***

1. Phalgunanda Rural Municipality Office invites only electronic Sealed Quotation from eligible bidders for the procurement of following project under Sealed Quotation procedures specified in Public Procurement Act and Regulation.

| Contract Identification No. | Description of Works | Estimated amount (Nrs.) Excluding VAT and contingency | Bid security Amount (Nrs.) | Bid Document fee.(Nrs.) | Remarks |
|---|---|---|---|---|---|
| PRMW/SQ/02/2080/81 | Supply, delivery, installation, testing and commissioning of streetlighting system with all accessories works. | 1314042.25 | 38000.00 | 1000.00 | |

2. Eligible Bidders may obtain Bidding Documents from PPMO egp system www.bolpatra.gov.np/egp.Bidders needs to submit their bid electronically by downloading the bidding document for e-submission from PPMO's e-GP system. Bidders submitting their bid electronically, should deposit the cost of bidding document fee and bid security in the following account as specified below.
   **Name of the Bank** : Nepal Investment Mega Bank Ltd. Ranke, Branch.
   **Name of Office** : PHALGUNANDA RURAL MUNICIPALITY OFFICE, PHAKTEP, PANCHTHAR.
   **Office Account no** : 06901400250023 (Dharauti Account for Bid Security Amount)
   **Rajaswa (Revenue) Account no.** : 06901400250108 (For the fee of Bid Document)
3. Bids must be submitted through PPMO's e-GP system before 12PM on 2081/01/02.
4. The bid will be opened in the presence of bidder's representative who chose to attend at the Office of Phalgunanda Rural Municipality at 1 PM, 2081/01/02. Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid or scanned copy of voucher should be uploaded if deposited in the bank.
5. If the office happens to be closed on the date of opening of the bids as specified,the bid will be opened on the next working day at the same time and venue.

**Chief Administrative officer**

# १३ अन्तर्राष्ट्रिय मोडलसहित प्रियंकादेखि अस्मिसम्म र्‍याम्पमा

**हिमालय टाइम्स**

काठमाडौं, १५ चैत

अभिनेत्री प्रियंका कार्की, नीति शाह, मिस नेपाल अस्मि श्रेष्ठ, मेलिना जोशी, प्रियंका रानी जोशी, मिस्टर नेपाल समर्पण जंग कार्की, मोडल सविता कार्की, जेड दीपिका गारेटलगायत चर्चित सेलिब्रेटी एउटै र्‍याम्पमा प्रस्तुत हुनुहुने भएको छ । आज (शुक्रबार) होटल याक एण्ड यतिमा आयोजना हुने १३औं 'आइसी डिजाइनर रनवे' नामक फेशन शोमा उहाँहरू शो टपरको रूपमा विभिन्न आकर्षक पहिरनसहित र्‍याम्पमा प्रस्तुत हुन लाग्नुभएको हो ।

जोय कस्मेटिक नेपालको प्रस्तुति रहेको 'आइसी डिजाइनर रनवे'मा भारत, रसिया, सर्बियालगायत १३ अन्तर्राष्ट्रिय मोडलको समेत सहभागिता रहने आयोजकले जनाएको छ । नेपालका भने २६ मोडलले पहिरनका नयाँ र आकर्षक डिजाइन प्रस्तुत गर्नेछन् ।

अन्तर्राष्ट्रिय कोरियोग्राफर यतिन नरेन्द्र गान्धीकोको समेत सहभागिता रहने शोको म्यानेजमेन्ट जिम्मेवारी नेक्स्ट मोडल्स नेपालले बहन गर्दैछ । हालसम्मकै राम्रो र उत्कृष्ट फेशनको शोको रूपमा 'आइससी डिजाइनर रनवे'लाई प्रस्तुत गर्न लागेको नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताउनुभयो ।

शोमा आइसी कलेजका २०२१ ब्याजका ७३ विद्यार्थी डिजाइनरहरूले तयार पारेका फरक-फरक पहिरन १५ सिक्वेलमा प्रस्तुत हुनेछ । 'आइससी डिजाइनर रनवे' एक उत्कृष्ट फेशन सो हो । विगत धेरै वर्षदेखि नियमित आयोजना हुँदै आएको यो फेशन शो को अवको सिजमा 'आइसी डिजाइनर रनवे'को मुख्य उद्देश्य नेपाली फेशन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेशनका आकर्षक डिजाइन अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउनु रहेको आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले जानकारी गराउनुभयो ।

# भारत–चीनबीच सीमा क्षेत्रमा तनाव कम गर्न सहमति

**एजेन्सी**

नयाँदिल्ली, १५ चैत

भारत र चीनबीचको उत्तर पश्चिमी क्षेत्रमा देखिएको सीमा विवाद र त्यहाँ उत्पन्न असमझदारीका विषयलाई लिएर दुवै देशका कूटनीतिक अधिकारीहरूबीच बेइजिङमा वार्ता भएको छ ।

भारतको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा दुई देशका अधिकारीहरूबीच बुधबार बेइजिङमा २९औं बैठक बसेको र सीमा क्षेत्रमा देखिएको तनाव मत्थर बनाउनेतर्फ वार्ता सकारात्मक भएको जनाइएको छ । वार्ताका लागि भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतीय विदेश मन्त्रालयका सहसचिवले गर्नुभएको थियो । चीनका तर्फबाट चिनियाँ विदेश मन्त्रालयको सीमा मामिलासम्बन्धी महानिर्देशकले गर्नु भएको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा दुवै पक्षले सीमा क्षेत्रमा देखिएको तनावलाई पूर्णरूपमा मत्थर बनाउनेतर्फ गम्भीर विचारविमर्श गरेका र दुई देशको सीमारेखा 'लाइन-अफ-एक्चुअल कन्ट्रोल' (एलएसी)का सन्दर्भमा बाँकी रहेका मुद्दाहरू सुल्झाउने विषयमा छलफल भएको उल्लेख छ । बैठकपछि सीमावर्ती क्षेत्रमा शान्ति कायम गर्नेतर्फ कूटनीतिक र सैनिक संवाद सुरु गर्न दुवै पक्ष सहमत भएका छन्, भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

'तत्कालका निम्ति, दुवै पक्षले कूटनीतिक र सैनिक तहबाट निरन्तर सम्पर्क र संवाद गर्न सहमति जनाएका छन् । विद्यमान द्विपक्षीय सम्झौता बमोजिम सीमाक्षेत्रमा शान्ति कायम गर्न सहमति भएको छ', मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ । दुवै देशबीचको २८औं वार्ता यसअघि गत नोभेम्बरमा सम्पन्न भएको थियो । उक्त वार्तामा दुवै पक्षले एलएसीको परिस्थितिका बारेमा समीक्षा गर्नुका साथै एलएसीसमेत पूर्वी लद्दाखको सीमाक्षेत्रमा शान्तिपूर्ण अवस्था बहाल गर्नेबारेमा खुला, रचनात्मक र गम्भीर विचारविमर्श भएको छ ।

यसैबीच, भारतले अरुणाचल प्रदेशका सम्बन्धमा चीनले गरेको दाबीलाई आधारहीन तर्क भन्दै अस्वीकार गरेको छ । मार्च १९ मा सार्वजनिक भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा अरुणाचल प्रदेशका जनताले भारतीय विकास कार्यक्रम तथा पूर्वाधार परियोजनाबाट अत्यधिक लाभ लिइरहेको उल्लेख छ । रासस ।

# थपियो बंगलादेशकी पूर्वप्रधानमन्त्री जियाको जेल सजाय

**एजेन्सी**

ढाका, १५ चैत

बंगलादेश सरकारले पूर्वप्रधानमन्त्री खालेदा जियाको जेल सजायलाई अर्को ६ महिना थप गरेको छ । बंगलादेशको गृह मन्त्रालयले बुधबार एक सूचना जारी गर्दै जेल सजाय थपिएको जनाएको छ । मन्त्रालयले थप गरिएको अवधिमा खालेदा जियाले आफ्नो मुलुक छाड्न पाउनुहुन्न । मन्त्रालयले खालेदाले बंगलादेशमै स्वास्थ्योपचार गराउनुपर्ने जनाएको छ ।

सन् २०२० यता पूर्वप्रधानमन्त्री खालेदाको जेल सजाय थप गरिएको यो छैटौं पटक हो । कोरोना महामारीको समयमा मानवीय कारण देखाउँदै बंगलादेश सरकारले २०२० मार्चमा अस्थायी प्रयोजनका निम्ति खालेदालाई जेलमुक्त गरिदिएको थियो ।

बंगलादेश नेसन्लिस्ट पार्टीका अध्यक्षसमेत रहनुभएकी उहाँ २०१८ देखि जेलमा हुनुहुन्छ । बंगलादेशको एक अदालतले उहाँमाथि विदेशबाट प्राप्त सहायता रकम हिनामिना गरेको आरोपमा सात वर्षको जेल सजाय तोकेको थियो । खालेदामाथिको जेल सजाय राजनीतिकप्रेरित रहेको विपक्षी दलले आरोप लगाउँदै आएको छ । रासस ।

# एक दिनमा एक अर्ब डलरको खाना खेर : *युएन*

**एजेन्सी**

पेरिस, १५ चैत

विश्वभरका परिवारले सन् २०२२ मा प्रत्येक दिन एक अर्ब डलरको खाना खेर फालेका छन् । यसलाई संयुक्त राष्ट्रसंघले बुधबार खानाको नोक्सानीलाई 'विश्वव्यापी त्रासदी' भनेको छ । करिब ८० करोड मानिस भोकै बसेको यस्तो समयमा घर र व्यवसायहरूले १० खर्ब डलरभन्दा धेरै मूल्यको खाना थन्क्याएर राखेको राष्ट्रसंघको पछिल्लो फुड वेष्ट इन्डेक्स रिपोर्टमा उल्लेख छ । रिपोर्ट अनुसार सन् २०२२ मा बजारमा उपलब्ध सबै उत्पादनहरूको करिब २० प्रतिशत अर्थात एक अर्ब टनभन्दा बढी खाना खेर गएको थियो । यसमा अधिकांश घरहरूबाट खेर गएका हुन् । राष्ट्रसंघीय पर्यावरण कार्यक्रम (युएनइपी) का कार्यकारी निर्देशक इन्गर एन्डरसनले विज्ञप्तिमा भन्नुभएको छ, 'खानाको नोक्सानी विश्वव्यापी त्रासदी हो, विश्वभरमा खानाको नोक्सानीका कारण आज मानिसहरू भोकै बस्नेछन् ।' रिपोर्टमा यस्तो प्रकारको नोक्सानी नैतिकमात्र नभएर 'पर्यावरणीय असफलता' भएको उल्लेख छ ।

खानाको नोक्सानीले उडड्यन क्षेत्रको पृथ्वीको तापक्रम बढाउने उत्सर्जनको पाँच गुणा उत्पन्न गर्दछ र यस्ता कहिल्यै नखाइने बालीहरू उब्जाउनका लागि भूमिको विशाल भागलाई परिवर्तन गर्न आवश्यक छ । गैरनाफामूलक संगठन डब्ल्युआरएपीसँग सहलेखन गरिएको उक्त रिपोर्ट राष्ट्रसंघले संकलन गरेको विश्वव्यापी खाद्य नोक्सानीमाथि दोस्रो हो र यसले अहिलेसम्मको सबैभन्दा पूर्ण तस्वीर प्रदान गर्दछ ।


## लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/१६ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरूबाट तपाईं ऋणीहरूले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ सुविधाहरूको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रूपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७८/०९/१५, मिति २०७८/१२/११, मिति २०७९/०२/१३, मिति २०७९/०५/१०, मिति २०७९/११/०३, मिति २०८०/०५/११, मिति २०७८/०१/१०, मिति २०७८/०४/१५, मिति २०७८/०४/२४ मिति २०७८/०४/२८ गतेको अन्नपूर्ण पोस्ट, राजधानी दैनिक र आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरू तथा सो जग्गामा बनेको घर टहरा प्रवाल आदि र सो समेतले घरेको सम्पूर्ण निर्माणगात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनमा लिलाम बिक्री गरिने व्यहोरा सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा इच्छुक महानुभावहरूले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरू बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ सम्पत्ति बिक्री कार्यविधि २०७८ समेत बमोजिम पुन: लिलाम बिक्री गर्न वा बैंक आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**दरबारमार्ग शाखा**

**(१) ऋणी : कृष्ण श्रेष्ठ**
बाबु : देउ नारायण श्रेष्ठ, बाजे : सनमान श्रेष्ठ
ठेगाना : दोलखा जि., काटाकुटी-९ हाल का.जि., जोरपाटी-१४, अलखेल, काठमाण्डौ ।
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
(क) मनोज श्रेष्ठ, बाबु : नर बहादुर श्रेष्ठ, बाजे : मंगल दास श्रेष्ठ, सुनसरी जि., इटहरी-८ हाल ल.पु.जि., लुभु-८, ललितपुर ।
(ख) धनकुमारी श्रेष्ठ, बाबु : मान बहादुर श्रेष्ठ, ससुरा : सनमान श्रेष्ठ, पति : देउ नारायण श्रेष्ठ, दोलखा जि., काटाकुटी-९ हाल का.जि., जोरपाटी-१४, अलखेल ।
(ग) कृष्ण श्रेष्ठ, बाबु : देउ नारायण श्रेष्ठ, बाजे : सनमान श्रेष्ठ, दोलखा जि., काटाकुटी-९ हाल का.जि., जोरपाटी-१४, अलखेल, काठमाण्डौ ।
**सवारी साधनको विवरण :** कृष्ण श्रेष्ठलाई ऋणी कायम गरी यातायात व्यवस्था कार्यालय बागमती अञ्चल एकान्तकुनामा यस महालक्ष्मी विकास बैंकको नाममा दर्ता कायम रहेको Tata Motors Ace Face Lift HT-BL, गाडी नं. बा.१७ख ४९४३ च्यासिस नं. MAT 445064HVC11948, इन्जिन नं. 275IDI06BSYS22117 को सवारी साधन ।

**(२) ऋणी : सुवास थापा**
बाबु : शिव बहादुर थापा, बाजे : मान बहादुर थापा ।
ठेगाना : का.जि., बाइफल्याङ -४, काठमाण्डौ ।
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू**
क. शिव बहादुर थापा, बाबु : मान बहादुर थापा, बाजे : गरुड ध्वज थापा, पत्नि : पार्वती थापा, का.जि., बाइफल्याङ -४, काठमाण्डौ ।
ख. सुवास थापा, बाबु : शिव बहादुर थापा, बाजे : मान बहादुर थापा, का.जि., बाइफल्याङ -४, काठमाण्डौ ।
**सवारी साधनको विवरण :** सुवास थापालाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको Tata Super Ace-HT 2016 बा १४च २३०४, इन्जिन नं. 275IDI06JUYS80703, च्यासिस नं. MAT446064FZJ36434 भएको सवारी साधन ।

**(३) ऋणी : मोहन बिक्रम ठकुरी**
बाबु : खड्ग बिक्रम ठकुरी, बाजे : दुर्गराज ठकुरी
ठेगाना : मकवानपुर जि., छतिवन-४ स्थायी ठेगाना भई हाल का.जि., जोरपाटी-१४, काठमाण्डौ बसोवास गरिरहेको
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. सम्भना रायमाझी, बाबु : प्रेम बहादुर खड्का, ससुरा : अम्बर बहादुर रायमाझी, पति : समुन्द्र रायमाझी, सि.पा.जि., सिन्धुपाट-२ हाल का.जि., जोरपाटी-१४
ख. सुनिता फुयाल, बाबु : केशर प्रसाद फुयाल, बाजे : नन्दी केशर फुयाल, पति : मोहन बिक्रम ठकुरी । मकवानपुर जि., हेटौडा-४, मकवानपुर ।
ग. मोहन बिक्रम ठकुरी, बाबु : खड्ग बिक्रम ठकुरी, बाजे : दुर्गराज ठकुरी, मकवानपुर जि., छतिवन-४ हाल का.जि., जोरपाटी-१४, काठमाण्डौ ।
**सवारी साधनको विवरण :** मोहन बिक्रम ठकुरीलाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको Maruti Suzuki Cargo Van बा १४च ९५०८, इन्जिन नं. 4915759, च्यासिस नं. 1705369 भएको सवारी साधन ।

**(४) ऋणी : साजन भारती**
बाबु : कुबेश्वर भारती, बाजे : रामबाबु भारती ।
ठेगाना : धनुषा जि., जनकपुर-२ हाल का.जि., का.म.पा-३५, कोटेश्वर, पेप्सीकोला, काठमाण्डौ,
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. कुसुम गिरी, बाबु : देविन्द्र कुमार गिरी, ससुरा : कुबेश्वर भारती, पति : साजन भारती, सिन्धुली जि., दुधौली-८, हाल का.म.पा-३५, कोटेश्वर, पेप्सीकोला, काठमाण्डौ
ख. साजन भारती, बाबु : कुबेश्वर भारती, बाजे : रामबाबु भारती, पत्नी : कुसुम गिरी, धनुषा जि., जनकपुर-२ हाल का.जि., काठमाडौं-३५, पेप्सीकोला, काठमाण्डौ
**सवारी साधनको विवरण :** साजन भारतीलाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको Ashok Leyland Cheetah 176"WB Bus Chasis बा ३ ख १४४८, इन्जिन नं. EYHZ410154, च्यासिस नं. MB1PCEYC8EAYE3631 भएको सवारी साधन ।

**(५) ऋणी : रज्जत प्रताप ज.ब.राणा**
बाबु : राजेन्द्र प्रताप ज.ब.राणा, बाजे : दीप प्रताप ज.ब. राणा ।
ठेगाना : का.जि., का.म.पा-३३, ज्ञानेश्वर, काठमाण्डौ हाल जाउलाखेल, ललितपुर
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. रज्जत प्रताप ज.ब. राणा, बाबु : राजेन्द्र प्रताप ज.ब. राणा, बाजे : दीप प्रताप ज.ब. राणा, का.जि., का.म.पा-३३, ज्ञानेश्वर, काठमाण्डौ हाल जाउलाखेल, ललितपुर ।
ख. ऋद्धि प्रताप ज.ब. राणा, बाबु : राजेन्द्र प्रताप ज.ब. राणा, बाजे : दीप प्रताप ज.ब. राणा, का.जि., का.म.पा-३३, ज्ञानेश्वर, काठमाण्डौ हाल जाउलाखेल, ललितपुर
**सवारी साधनको विवरण :** रज्जत प्रताप ज.ब. राणालाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको MGE 18L DCT COM, बा १७ च १०४३, इन्जिन नं. 18J4GH03000003, Vin No. LSJW24G95GS013663 भएको सवारी साधन ।

**(६) ऋणी : शान्ति सारा राई**
बाबु : शुक्रराज राई, ससुरा : मोहन कृष्ण गुरुङ, पति : सिमाना गुरुङ ।
ठेगाना : का.जि., का.म.पा-४, मण्डिखाटार, काठमाण्डौ
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. शान्ति सारा राई, बाबु : शुक्रराज राई, ससुरा : मोहन कृष्ण गुरुङ, पति : सिमाना गुरुङ, का.जि., काठमाण्डौ-४, मण्डिखाटार, काठमाण्डौ ।
ख. सिमाना गुरुङ, बाबु : मोहन कृष्ण गुरुङ, बाजे : ललित बहादुर गुरुङ, पति : शान्ति सारा राई, का.जि., काठमाण्डौ-४, मण्डिखाटार, काठमाण्डौ ।
**सवारी साधनको विवरण :** शान्ति सारा राईलाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको Ford India Eco Sport Titanium 2014, बा ११ च ४९१८, इन्जिन नं. EL19439, च्यासिस नं. MAJAXXMRRAEL19439 भएको सवारी साधन ।

**(७) ऋणी : बसन्त खड्का**
बाबु : गणेश खड्का, बाजे : शेर बहादुर खड्का, पत्नी : धना खड्का ।
ठेगाना : का.जि., चपली भद्रकाली-२, नारायणथान, काठमाण्डौ,
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. धना खड्का, बाबु : मोती प्रसाद अधिकारी, ससुरा : गणेश खड्का, पति : बसन्त खड्का, का.जि., चपली भद्रकाली-२, नारायणथान, काठमाण्डौ ।
ख. पौरख कार्की, बाबु : ज्ञानेन्द्र बहादुर कार्की, बाजे : तिलक बहादुर कार्की, पत्नि : दिपिका कार्की, का.जि., का.म.पा.-९, हाल सिनामंगल, काठमाण्डौ ।
ग. बसन्त खड्का, बाबु : गणेश खड्का, बाजे : शेर बहादुर खड्का, पत्नी : धना खड्का, का.जि., चपली भद्रकाली-२, नारायणथान, काठमाण्डौ ।
**सवारी साधनको विवरण :** बसन्त खड्कालाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको Mahindra Load King Zoom P/S Mini Truck 2016, बा ४ ख २४७६, इन्जिन नं. BTG4D96173, च्यासिस नं. MATGD2V/GG3D-13194 भएको सवारी साधन ।

**(८) ऋणी : श्याम कुमार श्रेष्ठ**
बाबु : नाहुरे श्रेष्ठ, बाजे : कानु श्रेष्ठ, पत्नी : निलम श्रेष्ठ ।
ठेगाना : का.जि., पुनिखेल-१, टुंचेक, काठमाण्डौ हाल का.जि., बुढानिलकण्ठ-१४, टुंचेक, काठमाण्डौ
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. श्याम कुमार श्रेष्ठ, बाबु : नाहुरे श्रेष्ठ, बाजे : कानु श्रेष्ठ, पत्नी : निलम श्रेष्ठ, का.जि., पुनिखेल-१, टुंचेक, काठमाण्डौ हाल का.जि., बुढानिलकण्ठ-१४, काठमाण्डौ ।
ख. नीलम श्रेष्ठ, बाबु : हरिकृष्ण श्रेष्ठ, बाजे : हरिनाम श्रेष्ठ, पति : श्याम कुमार श्रेष्ठ, का.जि., पुनिखेल-१, टुंचेक हाल का.जि., बुढानिलकण्ठ-१४, टुंचेक, काठमाण्डौ
**सवारी साधनको विवरण :** श्याम कुमार श्रेष्ठलाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेको Maruti Suzuki-Omni Cargo Van, बा १६च ६२९४, इन्जिन नं. 18BIN4932365, च्यासिस नं. MA3EVB11501719745 भएको सवारी साधन ।

**(९) ऋणी : राम दास श्रेष्ठ**
बाबु : भिम बहादुर श्रेष्ठ, बाजे : गणेश बहादुर श्रेष्ठ
ठेगाना : काठमाण्डौ जिल्ला, मच्छेगाउँ-७, हाल काठमाण्डौ जिल्ला बल्खु, काठमाण्डौ ।
कर्जा किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. राम दास श्रेष्ठ, बाबु : भिम बहादुर श्रेष्ठ, बाजे : गणेश बहादुर श्रेष्ठ
ख. राजन महर्जन, बाबु विष्णु महर्जन, बाजे : नाति महर्जन, धादिङ जिल्ला, केवलपुर-१, हाल का.जि.का.म.पा.-१४, कल्कु, काठमाण्डौ ।
**सवारी साधनको विवरण :** राम दास श्रेष्ठलाई ऋणी कायम गरी नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय बिरगञ्ज, पर्साको यस बैंकको नाममा दर्ता कायम रहेको Tata Sumo Gold CX+ 2016, सवारी साधन नं. ना.१ज. ५१४९, च्यासिस नं. MAT448510GEG05171, इन्जिन नं. 497SPTC43GTY623242 को सवारी साधन ।

**(१०) ऋणी सिद्धेश्वर कन्स्ट्रक्सन (प्रो. फनिन्द्र प्रसाद भट्ट)**
ठेगाना : चितवन जिल्ला, शैरहनी गा.वि.स. वडा नं. ४, चितवन ।
प्रा.फ.नं : ५३४/०६९/७०, जारी मिति : २०६९/१२/०५, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन
ठेगाना : गोरखा जिल्ला, ममेल-१, गोरखा हाल चितवन जिल्ला, शैरहनी गा.वि.स. वडा नं. ४, चितवन ।
कर्जा किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू :**
क. फनिन्द्र प्रसाद भट्ट, गोरखा जिल्ला, ममेल-१, हाल चितवन जिल्ला, शैरहनी गा.वि.स. वडा नं. ४ ।
बाबु : टंक प्रसाद भट्ट, बाजे : धन प्रसाद भट्ट, पत्नी : कृष्ण कुमारी क्षेत्री, ससुरा : धन बहादुर क्षेत्री ।
ख. कृष्ण कुमारी क्षेत्री, गोरखा जिल्ला, गोरखकाली-४, गोरखा हाल चितवन जिल्ला, शैरहनी गा.वि.स. वडा नं. ४, चितवन ।
बाबु : धन बहादुर क्षेत्री, बाजे : केशर बहादुर क्षेत्री, पति : फनिन्द्र प्रसाद भट्ट, ससुरा : टंक प्रसाद भट्ट ।
ग. स्मीकार भट्ट, गोरखा जिल्ला, ममेल-२, गोरखा हाल चितवन जिल्ला, शैरहनी गा.वि.स. वडा नं. ४, चितवन ।
बाबु : फनिन्द्र प्रसाद भट्ट, बाजे : टंक प्रसाद भट्ट,
**धितो सुरक्षणको विवरण :** सिद्धेश्वर कन्स्ट्रक्सनलाई ऋणी कायम गरी यस बैंकका नाममा यातायात व्यवस्था कार्यालय बागमती, नारायणी र गण्डकी अञ्चल अन्तर्गत दर्ता कायम रहेका तपसिलका सवारी साधनहरू :
क. Escorts Backhoe Digmax Loader, ना १ क ४८३७, इन्जीन 4H3307/1520089 च्यासिस 611E038014
ख. Eicher Terra 16HDL2017 Tipper ना १ क ४०३८, इन्जीन E613CDHF146737 च्यासिस MC2K7ERCDHF058617
ग. Mahindra Scorpio DC MHAWK 4 WD 2016 बा १४च ६७८०, इन्जीन MMG4F19728
च्यासिस MA1TY4MMNG2F49623

**(११) ऋणी : उमेश बास्कोटा**
बाबु : यज्ञ बहादुर बास्कोटा, बाजे : शिवनिधी बास्कोटा ।
ठेगाना : काभ्रे जि. टौखल-३, खरीपाटी हाल का.जि., गोठाटार-३, इबोट, काठमाण्डौ
कर्जाको किसिम : भेहिकल लोन
**व्यक्तिगत जमानीकर्ताहरू**
क. उमेश बास्कोटा,
बाबु : यज्ञ बहादुर बास्कोटा, बाजे : शिवनिधी बास्कोटा, काभ्रे जि. टौखल-३,
ठेगाना : साबिक खरीपाटी हाल का.जि., गोठाटार-३, इबोट, काठमाण्डौ ।
ख. रमेश बास्कोटा,
बाबु : यज्ञ बहादुर बास्कोटा, बाजे : शिवनिधी बास्कोटा
ठेगाना : साबिक काभ्रे जि., पनौती-४ काभ्रे जि. टौखल-३, खरीपाटी, हाल का.जि., गोठाटार-३, इबोट ।
**सवारी साधनको विवरण :** उमेश बास्कोटालाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय अन्तर्गत यस बैंकको नाममा दर्ता कायम रहेका तपसिलका सवारी साधनहरू
क. Maruti Cargo Van 2016, बा १४च ६६७३, इन्जीन F2BIN4903410, च्यासिस MA3EV11SO-1693652
ख. Maruti Cargo Van 2015, बा १३च ४६०१, इन्जीन F8BIN4783647, च्यासिस MA3EV11SO-1583719
ग. Mahindra Bolero Pick up2015, बा १३च ८४५८, इन्जीन GHPJ51076, च्यासिस MAIZN2GHKF1J70736

**शर्तहरू :**
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरूबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेन्टी/कुड फर पेमेन्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलवालाले नै व्यहोर्नु पर्नेछ ।
५. कारणवस सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरूमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त नमिलेको बोलपत्र स्वीकार गरिने छैन ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/१२/३० गते शुक्रबार (कार्यालय समय भित्र)**
**खोलिने मिति : २०८१/०१/०२ गते आइतबार दिनको २:०० बजे (मिति २०८१/०१/०१ गते सार्वजनिक बिदा परेकाले)**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयमा**

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-४२६८७१३, ४२६८७९९
कर्जा असुली विभाग दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-४२११२११/४२११४११/२०
सफल बैंक, सफल साझेदार
www.mahalaxmibank.com



## शारदा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :- २०८०/१२/१६

यस कार्यालयबाट मिति २०८०/११/०६ गते आह्वान गरिएको बोलपत्र नं. SMO/NCB/W/08/2080/081 Sahid Smriti Building Construction को सूचना अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुको मुल्यांकन गर्दा न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

| ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | छनौट गरिएको बोलपत्रको विवरण | कबोल अंक (भ्याट र PS बाहेक) | कै. |
|---|---|---|---|---|
| SMO/NCB/W/08/2080/081 | Ranikot Construction | Sahid Smriti Building Construction | Nrs. 30,97,985.20 Thirty Lakhs Ninety Seven Thousands Nine Hundreds Eighty Five Rupees and Twenty Paisa Only | |

प्रमुख प्रशासकीय अधिकृत
शारदा नगरपालिका

# सम्झौता अवधि नसकिँदै पुल तयार



**चिसाङ शेर्पा⁄हिटा**
खोटाङ, १५ चैत

खोटाङमा सम्झौता मितिभन्दा अगाडि नै पुल निर्माण सम्पन्न भएको छ । निर्माण व्यवसायीले पुलको काम जिम्मा लिएर अलपत्र पारिरहँदा यहाँको सोल्मा र नेर्पामा सम्झौता मितिअघि नै पुल बनेको हो ।

पुष्पलाल मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-चखेवाभन्ज्याङ खण्डको सोल्मास्थित भालुखोला र नेर्पास्थित मेवाखोलामा २०-२० मिटर लम्बाइको मोटरेबल पुल निर्माण भएको छ । यी दुई पुलको काम केएम इञ्जिनियर्स बिल्डर्स प्रालि काठमाडौंले गरेको हो । 'डिजाइन एण्ड बिल्ड'(पुलको डिजाइन निर्माण कम्पनीले नै बनाएको) दुवै पुल एउटै ठेक्कामा निर्माण भएका हुन् । अब मेवाखोला पुलमा दुईसय १५ मिटर एप्रोच रोड तथा भालुखोला पुलको स्ल्याब ढलान, दुई सय मिटर एप्रोच रोड, दुई पुलको रङरोगनमात्रै बाँकी छ । कम्पनीले २०८१ असार २२ गते दुई पुलको काम सक्ने गरी २०७९ असार २२ गते पुष्पलाल मध्यपहाडी राजमार्ग योजना कार्यालय धुलिखेलसँग भ्याटबाहेक सात करोड ७४ लाख २५ हजारमा सम्झौता गरेको थियो । दुवै पुलको भौतिक र आर्थिक प्रगति ८०-८० प्रतिशत सकिएको पुष्पलाल मध्यपहाडी राजमार्ग योजना कार्यालय धुलिखेलका सूचना अधिकारी हर्क प्रधानले बताउनुभयो ।

प्रधानका अनुसार अब सडक संरचना( एप्रोच रोड)को काममात्रै बाँकी छ । दुवै पुलको एप्रोच रोड र रङरोगन वैशाखसम्म सकेर पुल जिम्मा लगाइने केएम इञ्जिनियर्स बिल्डर्स प्रालिका प्रबन्धक निर्देशक मोहन कार्कीले बताउनुभयो ।

त्यस्तै, सोही खण्डको नेर्पा र सोल्माको सिमाना छेपेखोलामा २० मिटर लम्बाइको मोटरेबल पुल पनि सम्झौता म्यादभन्दा अघि नै निर्माण भइसकेको छ । उक्त पुल सगरमाथा सजीव जेभी खोटाङले निर्माण गरेको हो । जेभीले २०८० कात्तिक ११ गते निर्माण कार्य सक्ने गरी २०७८ मंसिर १४ गते भ्याटबाहेक तीन करोड पाँच लाख ८० हजार एक सय ३७ रुपैयाँमा सम्झौता गरेको थियो । उक्त पुलको पनि आर्थिक र भौतिक प्रगति मेवाखोला, भालुखोलाजस्तै ८० प्रतिशत सकिएको छ ।

पुल गत असारमै बनाइसकिएको हो । रङरोगन गर्न र तीन सय ३० मिटर एप्रोच रोड कालोपत्र गर्न बाँकी रहेको जेभीमध्येका एक प्रतिनिधि कृष्ण घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, 'पुल असारमै सकेर गाडी नै गुडाइसकेका छौँ । एप्रोचको काम भने मेवाखोला र भालुखोलासँगै गर्ने गरी समन्वय भएको छ । त्यसो हुँदा दुवै पाटीलाई कच्चा पदार्थ जुटाउन र मेसिन चलाउन सहज हुन्छ, वैशाखभरिमा सडकको काम सक्छौँ ।'

भालुखोला र मेवाखोलामा डाइभर्सन गरेर गाडी चलिरहेको छ । जिल्ला समन्वय समिति प्रमुख सनबहादुर राईले चैत १३ गते तीनवटा पुलको अनुगमन तथा निरीक्षण गर्दै बाँकी काम अझै छिटो सक्न आग्रह गर्नुभएको छ । तोकिएको समयभन्दा अगाडि पुल बनाउने निर्माण कम्पनीलाई पुरस्कृत गरिने पनि उहाँले बताउनुभयो ।

दिक्तेल-चखेवाभन्ज्याङ खण्डको बुवालुङस्थित बुवासुङ-लामिडाँडा जोड्ने पंखुखोलाको १५ मिटर मोटरेबल पुलको काम सिरुवा कन्स्ट्रक्सन काठमाडौंले नगरेपछि गत जेठ १२ गते ठेक्का तोडिएको थियो । हालसम्म उक्त पुलको ठेक्का लगाउने काम नभएको पुलको काम हेरिरहेको कार्यालयले जनाएको छ । त्यसैगरी दिक्तेल-चखेवाभन्ज्याङ खण्डको साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडाको सेखुवा-चखेवाभञ्ज्याङ(१० किलोमिटर)सडक कालोपत्रेको काम जिम्मा लिएको भारत कन्स्ट्रक्सन⁄मैनाचुली⁄सिद्धिसाई जेभीले काम नगरेपछि ठेक्का तोडिएको र अदालतबाट स्टे अर्डर रहेको पुष्पलाल मध्यपहाडी राजमार्ग योजना कार्यालय धुलिखेलले जनाएको छ ।

# ग्लोबल आइएमई र आइएफसीबीच सम्झौता



**काठमाडौं ।** ग्लोबल आइएमई बैंक र विश्व बैंक समूहको सदस्य अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)बीच जोखिम व्यवस्थापन, जलवायु वित्त तथा लैंगिक वित्त क्षेत्रमा आइएफसीले परामर्श सेवा प्रदान गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा आइएफसीका दक्षिण एसिया क्षेत्रीय सल्लाहकार तथा अपस्ट्रिम प्रबन्धक मेहदी चेरकाउईले हस्ताक्षर गर्नुभएको हो ।

सम्झौताबमोजिम आइएफसीले ग्लोबल आइएमई बैंकको कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम तथा सम्पत्ति तथा दायित्व व्यवस्थापन ढाँचा सुदृढ पार्न परामर्श दिने, बैंकको जोखिम व्यवस्थापन नीतिलाई अन्तर्राष्ट्रियस्तरमा कायम जोखिम व्यवस्थापन अभ्यासअनुरूप परिमार्जन गर्नेलगायतका विषयमा परामर्श प्रदान गर्नेछ । आइएफसीले जलवायु वित्त क्षमता निर्माणका लागि आधारभूत जलवायु साक्षरता तथा लक्षित क्षमता निर्माण कार्यक्रममा दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नेछ । साथै आइएफसीले ग्लोबल आइएमई बैंकलाई स्वच्छ यातायात, जलवायु-स्मार्ट कृषि र सौर्य परियोजनालगायत अन्य विभिन्न क्षेत्रको जलवायु वित्तमा पहुँच बढाएर नेपालमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका प्रयासमा पनि विशेष परामर्श दिनेछ ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

**विद्युतीय बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८०/१२/१६ गते)

चालु आ.व. २०८०/०८१ मा यस अस्पतालको लागि आवश्यक तपशिलमा उल्लेखित सामाग्रि विद्युतीय बोलपत्रको माध्यम (e-bidding/Single Stage Two Envelope Procedure) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| 1. | NTrC/G/NCB/25-080/81 | Supply, Delivery & Installation of Neurosurgery Instrument Set | 3,000/- | 2,50,000/- |

बिस्तृत जानकारीको लागि:- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

अस्पताल प्रशासन


## सुजुकीको नयाँ वर्ष अफर

**काठमाडौं ।** सुजुकी मोटरसाइकल तथा स्कुटरको नेपालस्थित आधिकारिक बिक्रेता भिजी अटोमोबाइल्स प्रालिले सुजुकी मोटरसाइकल तथा स्कुटर खरिदमा नयाँ वर्षमा नयाँ वर्ष २०८१ क्यास पाउँ एक्कासी नामक योजना ल्याएको छ । योजनाअन्तर्गत ग्राहकहरूले प्रत्येक सुजुकी मोटरसाइकल तथा स्कुटर खरिदमा १० हजार नगद नगद छुटका साथै थप स्क्र्याच कार्डमार्फत् एक लाखसम्म क्यास पाउनेछन् ।



एक्कासी वा कुनै पनि पुराना मोटरसाइकल तथा स्कुटरसँग नयाँ सुजुकी एक्सचेन्ज गर्दा बजार प्रचलित मूल्यांकनभन्दा थप मोटरसाइकलमा १५ हजार र स्कुटरमा २० हजार रुपैयाँ प्राप्त गर्न सकिने पनि कम्पनीले जनाएको छ । फाइनान्समा शून्य प्रतिशत ब्याजदरमध्ये जुन ठीक लाग्छ, त्यो छनोट गर्न सकिनेछ । सुजुकीका कुनै पनि मोटरसाइकल वा स्कुटर खरिदमा कम्पनीले पाँच वर्षको इञ्जिन वारेण्टीका साथै २० वटा सर्भिस कुपन सुविधा पनि थप उपलब्ध गराउने भएको छ ।

## गोर्खाज फाइनान्सद्वारा वित्तीय साक्षरता



**काठमाडौं ।** गोखार्ज फाइनान्सले ग्लोबल मनि विक २०२४ का अवसरमा देशभर वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीका सातै प्रदेशमा रहेका १८ शाखाले वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी झण्डै एक हजार विद्यार्थीलाई वित्तीय ज्ञान, सीप र वित्तीय चेतना तथा बैंक वित्तीय संस्थाले दिने सेवा र यसमा ग्राहकले अपनाउनुपर्ने सावधानी सम्बन्धमा जानकारी दिएको हो । हाल २६ शाखा र एक एक्सटेन्सन काउण्टरसहित सातै प्रदेशमा शाखा सञ्जाल रहेको कम्पनीले आगामी दिनमा समेत वित्तीय चेतना वृद्धि गर्दै समाजमा बैंक वित्तीय संस्थाप्रति विश्वास दिलाउने कार्यक्रम सञ्चालन गर्दै जाने प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार घिमिरेले बताउनुभएको छ ।

## गरिमाको सिइओमा उपाध्याय

**काठमाडौं ।** गरिमा विकास बैंकको बुधबार सम्पन्न सञ्चालक समितिको बैठकले बैंकको नायब प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत माधवप्रसाद उपाध्यायलाई प्रमुख कार्यकारी अधिकृत(सिइओ) नियुक्त गरेको छ । व्यवस्थापनमा स्नातकोत्तर उपाध्याय गरिमा विकास बैंकमा संस्थापनकालदेखि कार्यरत रहनुका साथै विगत १५ वर्षदेखि कम्पनी सचिवका रूपमा र विगत ११ वर्षदेखि नायब प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत हुनुहुन्छ । उहाँ बैंकिङ क्षेत्रमा प्रवेशअघि करिब डेढ दशक अध्यापन⁄प्राध्यापन पेशामा संलग्न हुनुहुन्थो । गोविन्दप्रसाद ढकालको कार्यकाल चैत मसान्तमा समाप्त हुने भएसँगै वैशाख १ गतेदेखि लागू हुने गरी नयाँ प्रमुख कार्यकारी अधिकृतमा उपाध्यायलाई नियुक्त गरिएको बैंकले जनाएको छ ।

## सिटिजन्सलाई शंखरापुर हस्पिटलमा छुट

**काठमाडौं ।** सिटिजन्स बैंक इन्टरनेसनल र जोरपाटीस्थित शंखरापुर हस्पिटलबीच सिटिजन्स बैंकका ग्राहकलाई विशेष छुट दिने सम्झौता भएको छ । सम्झौताअनुसार सिटिजन्स बैंकका कार्डबाहक ग्राहकले शंखरापुर हस्पिटलमा १० प्रतिशतसम्मको छुट पाउनेछन् । सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।



बैंकले डिजिटल बैंकिङ प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ ।


**Lalitpur Metropolitan City**
**Office Of The Municipal Executive**
Pulchowk, Lalitpur
Bagmati Province, Nepal

**Invitation for Electronic Bids**

Date of Publication: 2080-12-16 (29th Mar, 2024)

Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur invites Electronic Bid Only from eligible bidders for the Construction Of following Work as per given table below. Bidders may obtain further information at Lalitpur city office, Pulchowk, Lalitpur or may visit PPMO Website www.bolpatra.gov.np/egp.

| Contract Identification No. | Contract Name | Estimated Cost Inclusive VAT (NRs.) (Excluding PS and Contingencies) | Bid Security (NRs.) (Valid Upto 90 Days from Bid Opening Day) | Pre Bid Meeting | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Bid Document Fee. |
|---|---|---|---|---|---|---|---|
| LMC-NCB-WORKS-080/81-12 | Construction of Nhu Pukhu Lagankhel, Lalitpur Metropolitan City | NRs. 92,74,237.29 | NRs. 2,50,000.00 | 2081-01-04 (16th Apr, 2024 at 14:00 PM) | 2081-01-16 (28th Apr, 2024) at 12:00 PM) | 2081-01-16 (28th Apr, 2024 at 14:00 PM) | NRs. 3,000.00 |



Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit(FPIU)
Dhangadhi,Kailali

**INVITATION FOR BID(IFB)**

(IFB No: 11/080/81)
Date of Publication: 2080/12/16(29th March,2024)

FPIU, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, Eligible bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp .

| Contract No/ID | Description of Works | Bid Validity/ Bid Bond Validity Peroid | Total Estimated Amount NRs (Including PS Without VAT &Contingencies) | Eligibility Criteria | Bid Security Amount (NRs) | Bid-Price(NRs) |
|---|---|---|---|---|---|---|
| FPIU/KAILALI/ Works/NCB/38-2080/081 | Construction of Road from Laldhunga Bazar towards Sargauda,Simelkhet, Sadhani,Karali,Jamrani,Ja-fati,Beldandi,Kurmulle,Saletta Road Section at Parshuram Municipality,-Dadeldhura. | 90 days/120 days from the date of Bid Opening. | Single Stage Two Envelope Bidding Procedure | 1-Annual Turnover : 5,92,00,000.00 (without VAT ) 2-Similar Nature : 1,60,00,000.00 (without VAT) | 10,00,000.00 | 5000.00 |
| FPIU/KAILALI/ Works/NCB/39-2080/081 | Construction of Infrastructure Development Works at Ajaimeru Rural Municipality-02,Dadeldhura | 90 days/120 days from the date of Bid Opening. | Envelope Bidding Procedure | 1-Annual Turnover : 4,75,00,000.00 (without VAT ) 2-Similar Nature : 1,26,00,000.00 (without VAT) | 9,00,000.00 | 5000.00 |
| FPIU/KAILALI/ Works/NCB/40-2080/081 | Construction of Infrastructure Development Works at Belauri Municipality,Kanchanpur. | 90 days/ 120days from the date of Bid Opening. | 59,92,857.97 | | 1,70,000.00 | 3000.00 |

Project Chief


CMYK

# लुम्बिनीको पर्यटन प्रवर्द्धनमा एनआरएनएले सघाउने



हिमालय टाइम्स
काठमाडौं, १५ चैत

गैरआवासीय नेपाली संघ (एनआरएनए) र लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका तथा देवदह नगरपालिकाको संयुक्त साझेदारीमा लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धन तथा विकासका लागि साझेदारीपत्रमा हस्ताक्षर भएको छ । काठमाडौंस्थित एनआरएनए सचिवालयमा आयोजित कार्यक्रमबीच उक्त समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारीपत्रमा एनआरएनए अध्यक्ष डा. बद्री केसी, लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दिन मुसलमान, कपिलवस्तु नगरपालिकाका प्रमुख धनपत यादव, रामग्राम नगरपालिकाका प्रमुख सुदिप पौडेल तथा देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले हस्ताक्षर गर्नुभएको एनआरएनएले जनाएको छ ।

विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध जन्मस्थल विश्व सम्पदा सूचीमा सूचीकृत रूपन्देहीस्थित लुम्बिनी सांस्कृतिक नगरपालिका, बुद्धले सिद्धार्थ गौतमका रूपमा यौवनकाल बिताएको (आफ्नो जीवनको झण्डै २९ वर्ष व्यतित गरेको) कपिलवस्तुको तिलौराकोटस्थित कपिलवस्तु नगरपालिका, बुद्धको मामाघर रूपन्देहीको देवदह नगरपालिका र नवलपरासीस्थित बुद्धको अष्टधातु रहेको रामग्राम नगरपालिकाको पर्यटकीय प्रवर्द्धन र विकास नै समझदारीको मुख्य उद्देश्य रहेको बताइएको छ ।

अन्तर्राष्ट्रियस्तरमा शान्ति, सद्भाव प्रवर्द्धन गर्न, नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउन एनआरएनए र स्थानीय सरकारबीचको सहकार्य सुदृढ बनाई बुद्ध धर्मको उद्गम भूमि लुम्बिनीले बोकेको परम्परागत संस्कृति र शान्तिको दर्शन अन्तर्राष्ट्रियस्तरमा पुर्‍याई बलियो बनाउने संयुक्त प्रयासका रूपमा समझदारीलाई लिइएको छ । साथै बुद्ध धर्मको भावनामार्फत् नेपाल र विश्वभर शान्ति र भाइचारा सिद्धान्त सञ्चार गर्न पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सो अवसरमा अध्यक्ष केसीले विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थल, शान्तिभूमि, धार्मिक एवं पर्यटकीय क्षेत्र बुद्ध परिपथका चार नगरपालिका र गैरआवासीय नेपाली संघबीच संस्थागतरूपमै सम्बन्ध कायम भएकोमा खुसी व्यक्त गर्दै लुम्बिनीलाई अन्तर्राष्ट्रियस्तरमा थप परिचित गराउन एनआरएनएले स्थानीय सरकारसँग मिलेर काम गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'संसारका जुनसुकै कुनामा जाँदा पनि हामी बुद्ध जन्मेको देशका हौं भन्दा जति गर्विलो महसुस हुन्छ भनेरमात्र अब पुग्दैन, वास्तवमै गर्व महसुस गर्न हामीले अन्तर्राष्ट्रियस्तरमा बुद्धको जन्मभूमि लुम्बिनीको प्रचार गरी बढीभन्दा बढी पर्यटक भित्र्याउने भूमिका हुनुपर्छ ।'

आफूहरूले केन्द्र सरकारसँग थुप्रै काम गरेको जानकारी गराउँदै अध्यक्ष डा. केसीले स्थानीय सरकारसँग मिलेर एनआरएनएले अझ धेरै काम गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो । हरेक गैरआवासीय नेपाली पर्यटकीय सद्भावनादूत भएको उहाँको भनाइ थियो । देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले लुम्बिनी प्रदेशका चारवटा ऐतिहासिक स्थानलाई विश्व बजारमा चिनाउन र जोड्न एनआरएनएले गरेको पहल सकारात्मक रहेको बताउनुभयो । कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले लुम्बिनी क्षेत्रको विकासका लागि एनआरएनएले सुरु गरेको नयाँ आयामले मूर्त रूप लिने विश्वास व्यक्त गर्नुभयो । लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दिन मुसलमानले लुम्बिनीको पर्यटन प्रवर्द्धनका लागि भएको समझदारीले समग्र लुम्बिनी प्रदेशको विकासमा पनि सहयोग गर्ने विश्वास व्यक्त गरेको उक्त नगरपालिकाका प्रशासकीय प्रमुख कृष्ण सापकोटाले जानकारी गराउनुभएको थियो ।

त्यस्तै, रामग्राम नगरपालिकाका प्रमुख धनपत यादवले एनआरएनएसँगको सहकार्यले लुम्बिनी विकासको सपना पूरा गर्ने र पर्यटकीय प्रचारप्रसारमा सघाउ पुग्ने आशा राखेको बताउनुभयो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव सरोजकुमार पोखरेलले गैरआवासीय नेपालीहरू नै विदेशमा नेपाल चिनाउने सच्चा दूत भएको भन्दै नेपालको पर्यटकीय विकास र प्रवर्द्धनका लागि सरकार सहकार्य गर्दै अघि बढिरहेको र आगामी दिनमा पनि व्यवस्थितरूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । संघका उपसचिव तथा पर्यटन प्रवर्द्धन कमिटीका संयोजक सोम सापकोटाले बुद्ध परिपथको महान् अभियान पूरा गर्न एनआरएनएले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो । कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. दिपक काफ्ले, कोशी प्रदेश सांसद मिना श्रेष्ठ, देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ, लुम्बिनी सांस्कृतिक नगरपालिकाका रामप्रसाद ज्ञवाली, लेखा अधिकृत रामचन्द्र अर्याल, एनआरएनएका सल्लाहकार टिबी कार्की, अतुल कोइरालालगायतको उपस्थिति रहेको एनआरएनएले जनाएको छ ।

### उपप्रधानमन्त्री महासेठसँग पनि छलफल

एनआरएनए अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलले उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठसँग भेट गरी नेपालको आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका विविध क्षेत्रको समृद्धिका लागि सरकार तथा सरोकारवालासँग हातेमालो गर्दै अघि बढ्न एनआरएनए तयार रहेको जनाएको छ ।

सो अवसरमा एनआरएनए अध्यक्ष केसीले देशको पूर्वाधार विकासका लागि विश्वभरका गैरआवासीय नेपाली मिलेर १० अर्बको लगानी रहेको परियोजना सुरु गरेको जानकारी गराउँदै भविष्यमा ५० अर्बको लगानी भित्र्याउने बताउनुभयो । त्यसका लागि गैरआवासीय नेपालीहरूको बाहुल्यता रहेको देशमा रोड शोसमेत गर्ने र रोड शोलगायतका कार्यक्रममा नेपाल सरकारलाई समेत सहभागी गराउने योजना रहेको केसीले जानकारी गराउनुभयो ।

मन्त्री महासेठले लगानीका क्षेत्र पहिचान गरेरमात्रै लगानी गर्न आग्रह गर्दै बिनाअध्ययन ठूला-ठूला परियोजनामा लगानी गर्नुभन्दा साना तर लगानी सुरक्षित हुने क्षेत्र पहिचान गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले जो जहाँ भए पनि गैरआवासीय नेपालीहरू एउटै कित्तामा उभिएर देशका लागि हातेमालो गर्नुपर्नेमा जोड दिँदै भन्नुभयो, 'मन ठूलो बनाएर सबैसँग मिलेर अघि बढ्नुस् ।'

# ललितपुर ट्रेड एक्स्पोको तयारी पूरा




**ललितपुर ।** मेड इन नेपाल नाराका साथ चैत २२ देखि २६ गतेसम्म ललितपुरमा आयोजना हुने ललितपुर इन्टरनेसनल ट्रेड एक्स्पो २०२४ को तयारी पूरा भएको छ । जावलाखेल फुटबल मैदानमा हुने एक्स्पोमा मेड इन नेपाल प्याभिलियनमा विशेष आकर्षण रहने आयोजकले पत्रकार सम्मेलनमार्फत् जानकारी गराएको छ । ललितपुर चेम्बर अफ कमर्सको आयोजनामा हुने एक्स्पोमा नेपाल, भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, थाइल्याण्ड, टर्की, मलेसिया, दक्षिण कोरियालगायतका देशमा उत्पादित विविध वस्तु तथा मौलिक उत्पादन र सेवासम्बन्धी सामान रहने आयोजकले जनाएको छ ।

ललितपुर महानगरपालिका सहआयोजक, नेपाल चेम्बर अफ कमर्स र जावलाखेल युथ क्लबको सहयोगमा सञ्चालन हुने एक्स्पोमा फर्निचर, छालाबाट बनाइएका वस्तु, हस्तकलाका सामग्री, लत्ताकपडा, सारी, कुर्था, बेडसिट, जुत्ता-चप्पल, नक्कली गरगहनालगायत रहने ललितपुर चेम्बर अफ कमर्सका अध्यक्ष पुष्परत्न शाक्यले बताउनुभयो । आयोजकका अनुसार एक्स्पोमा मेड इन ललितपुरको पेभिलिन पनि रहनेछ ।

सार्क राष्ट्रबीचको कला संस्कृति र रीतिरिवाज आदानप्रदानमा महत्त्वपूर्ण भूमिका खेल्न र आर्थिक गतिविधिमा सहयोग पुर्‍याउने अमूर्त सम्पदा र कला संस्कृतिको प्रस्तुतिमा कुमारी नाच, भैरव, योगिनी, सप्तलोचनी र ताराको नृत्य प्रस्तुत गरिने इन्ट्रोडक्सन ट्रेड शोका मेनेजिङ डाइरेक्टर सुमन महर्जनले बताउनुभयो । एक्स्पोका अन्य आकर्षणमा विभिन्न देशका खानाका विभिन्न स्वादका फुड स्टल, साना बालबालिकाका लागि गेमिङ जोन, फोटो सुट, विविध सांस्कृतिक कार्यक्रमलगायत पाकिस्तान, भारत, थाइल्याण्ड, टर्की, मलेसिया, बंगलादेश र नेपालका उत्कृष्ट उत्पादनका सयभन्दा बढी स्टलहरू रहने एक्स्पो संयोजक सुनिल विष्टले जानकारी दिनुभयो ।

# मौखिक स्वास्थ्य दिवसमा पेप्सोडेन्ट

**काठमाडौं ।** विश्व मौखिक स्वास्थ्य दिवस २०२४ का लागि पेप्सोडेन्ट नेपालले विभिन्न सचेतनामूलक कार्यक्रम आयोजना गरेको छ । मानव शरीरको सम्पूर्ण स्वास्थ्यका लागि दन्त तथा मौखिक स्वास्थ्य र स्वच्छताको महत्त्वलाई पेप्सोडेन्टले सधैँ दर्शाउँदै आएको छ ।



पेप्सोडेन्टले 'एक एक पाइला' सँगको सहकार्यमा नेपालका दुर्गम बस्तीहरूमा १६ सय जनालाई नि:शुल्क चिकित्सा सेवाका साथै मौखिक स्वास्थ्यसम्बन्धी शिक्षा प्रदान गरिएको जनाएको छ । कान्तिपुर डेन्टल कलेज तथा शिक्षण अस्पतालको सहकार्यमा इन्द्रेश्वर माध्यमिक विद्यालयका तीन सय ४३ विद्यार्थीलाई नि:शुल्क डेन्टल स्क्रिनिङ सेवा प्रदान गरेको छ विश्व मौखिक स्वास्थ्य दिवसका अवसरमा पेप्सोडेन्ट नेपालले नेपाल डेन्टल एसोसिएसनसँगको साझेदारीमा ए ह्याप्पी माउथ इज ए ह्याप्पी भन्ने नाराका साथ दन्त स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम पनि आयोजना गरेको थियो ।


**Dhurkot Rural Municipality**
**Office of the RuralMunicipal Executive**
**Barbot, Gulmi**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

First Date of publication: 2024-03-29

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

| S.N. | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT Nrs | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-G-SQ-38-080/81 | Procurement Medicine for Dhurkot Rural Municipality at Dhurkot Rural Municipality-04, Barbot, Gulmi | 12,000.00 | 448,668.99 | 75 days | 1,000.00 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata ) | Deposit cash for bid security (Dhurkot Ga. Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata ) |
|---|---|---|---|
| 2024-04-14, 12:00 PM | 2024-04-14, 13:00 PM | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910501307703007 | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917, 9857064771.

**Chief Administrative Officer**



"समृद्ध गाउँपालिका र सुखी जनता"
**माईजोगमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नयाँबजार, इलाम ।**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

मिति: २०८०/१२/१५

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्य विद्युतिय बोलपत्रको माध्यमबाट मात्र गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य व्यवसायी तथा बोलपत्रदाताहरुका लागि निम्न शर्त हरुको अधिनमा रहि यो रितपूर्वकको विद्युतिय बोलपत्र आव्हान गरिन्छ । यस सम्बन्धि सम्पूर्ण कुराहरु बुझ्नको लागि यस कार्यालयको सूचना पाटी, कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिने तथा **www.bolpatra.gov.np/egp** बाट **e-bidding** पेश गर्न सकिने छ । साथै यस कार्यालयको वेव साईट **www.maijogmaimun.gov.np** बाट समेत सूचना प्राप्त गर्न सकिने छ ।

तपशिल

| S.N | Contract ID | Project Name | Cost of Bid Document | Bid Security Amount & Bid Security Validity Period | Bid Submission Deadline | Estimate amount ( in Rs without VAT) |
|---|---|---|---|---|---|---|
| 1 | MJRM/NCB/Goods/080/081-02 | Supply of Fabrication Package for Soyang Khola Truss Bridge | NRs. 3,000/- | NRs. 50,000/- & 90 days from deadline | 2081/01/16 12:00PM | Rs. 17,62,712.13 |

प्रमुख प्रशासकिय अधिकृत



**Jhimruk Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Bhyagute, Pyuthan**
**Lumbini, Province, Nepal**

**Invitation of Bids for the Procurement of Fabricated Steel Parts for Chisabang Trail Bridge**

**JRM/SQ/GOODS/07/2080/081**

***Date of Publication: 2080/12/16 BS (2024/03/29 AD)***

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the **JRM/SQ/GOODS/07/2080/081.** Under National Competitive Bidding procedures.

| S N | Contract ID No | Description of Work | Estimated Amount (Including vat) | Bids Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | JRM/SQ/GOODS/07/2080/081 | Procurement of Fabricated Steel Parts for Chisabang Trail Bridge | NRs: 13,73,511.04 | NRs: 38,000.00 | NRs: 1,000.00 |

2. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years and enlisted by DOLI (http://www.nepaltrailbridges.org.np/2015/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DOLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/eggo, before 12:00 Hours on 2081/01/02 BS (2024/04/14 AD). Bids received after this deadline will be rejected.
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., Jhimruk | 0750100000001202 |
| HIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., Jhimruk | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल